# स्थानीय पाठ्यक्रम
# हाम्रो शुद्धोधन
## आधारभूत तह (कक्षा १-८)




शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लबनी, कपिलवस्तु

प्रकाशक : शुद्धोधन गाउँपालिका
लबनी, कपिलवस्तु

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

प्रथम संस्करण : वि.सं. २०८०

शुद्धोधन गाउँपालिकाको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# गाउँपालिका अध्यक्षको भनाइ

नेपालको संविधान, २०७२ को मर्म बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्ने क्रममा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ। स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप, प्रविधि, पेसा, संस्कृति, प्राकृतिक पक्षहरूको संरक्षण प्रवर्द्धन गर्ने जिम्मेवारी समेत स्थानीय सरकारको हुन आउँछ। अतः स्थानीय विषयवस्तु, विषय विज्ञता र स्थानीय आवश्यकतालाई स्थानीय पाठ्यक्रमले समेट्नु पर्दछ। सङ्घीयताको मर्म बमोजिम तिनै तहको सरकार बिच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले दिएको मार्ग निर्देशनका आधारमा कक्षा १- ८ को **हाम्रो शुद्धोधन** नामक स्थानीय पाठ्यक्रम निर्माण भएकोमा म अत्यन्तै खुसी व्यक्त गर्दछु।

आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य घोषणा गरिएको विद्यमान अवस्थामा आधारभूत तह (कक्षा १-८) को शैक्षिक क्रियाकलापहरू बालमैत्री, समयसापेक्ष एवम् दैनिक जीवनको व्यवहारसँग जोड्न स्थानीय विषयवस्तुमा आधारित भएर स्थानीय स्रोत, साधन र विज्ञतालाई उपयोग गर्दै निर्माण भएको यस पाठ्यक्रमले महत्पूर्ण भूमिका निर्वाह गर्छ भन्ने कुरामा हामी विश्वस्त छौँ। कक्षाकोठा बालबालिकासँग प्रत्यक्ष रमाउने विषय शिक्षक, विशेषज्ञ तथा विज्ञहरू समेतको सहभागितामा छलफल एवम् कार्यशालाका माध्यमबाट निर्माण गरिएको यस पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा मध्यस्थतामा आधारित भई विकास गरिएकोले बालबालिकामा व्यवहार कुशल सिपहरू स्थापित गर्न सक्षम हुन्छ भन्नेमा पनि कसैको दुई मत नहोला।

प्रस्तुत पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरू, विज्ञ, विषयशिक्षक, प्रधानाध्यापक, अभिभावक तथा सल्लाहकार समिति, एवम् सम्बन्धित सरोकारवालाहरू प्रति शुद्धोधन गाउँपालिका, कपिलबस्तु हार्दिक कृतज्ञता व्यक्त गर्दछ। साथै यस पाठ्यक्रम कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक र विषय शिक्षकहरूबाट सक्रियताका साथ सहयोगको अपेक्षा गर्दछु। स्थानीय पाठ्यक्रमको परिमार्जन, परिवर्तन समयसापेक्ष रुपमा गर्ने तथा पाठ्यक्रमलाई उद्देश्यपूर्ण बनाउन र सिकाइ सहजीकरण गर्न आवश्यक पर्ने स्रोत साधनको शुद्धोधन गाउँपालिकाले प्रबन्ध गर्ने समेत विश्वास दिलाउन चाहन्छु।

अध्यक्ष
कमलेश शरण चौधरी
शुद्धोधन गाउँपालिका, कपिलवस्तु

# उपाध्यक्षको भनाइ

शिक्षाको समग्र पक्षको विकासको लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको समन्वयात्मक भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा गाउँपालिकाको आधारभूत र माध्यमिक तहको अधिकारभित्र २३ ओटा अधिकार समेटेको पृष्ठभूमिमा हामी निर्वाचित भएर आइसके पछि शुद्धोधन गाउँपालिका क्षेत्रको शैक्षिक उन्नयनमा हामी क्रियाशील भएको कुरा आमनागरिकलाई विदितै छ । शिक्षाको सन्तुलित विकास नभएसम्म अरू क्षेत्रको विकासले गति लिन सक्दैन । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा वितरणको जिम्मेवारी स्थानीय सरकारलाई रहेको छ । यसै कुरालाई आत्मसात् गर्दै शैक्षिक सत्र २०८० देखि हामीले **हाम्रो शुद्धोधन** नामक स्थानीय पाठ्यक्रमनिर्माण गरी कक्षा (१-८) मा लागु गर्ने योजना अनुरुप यो पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सकेकोमा म अत्यन्त हर्षित छु । शुद्धोधनको सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक लगायत समग्र पक्षहरूलाई समुचित रूपमा समेटेर तयार गरिएको यस पाठ्यक्रमले शुद्धोधन गाउँपालिकको वास्तविक पहिचान दिन सक्ने मेरो विश्वास छ ।

शुद्धोधन गाउँपालिकको पहिचान झल्कने गरी तयार गरिएको **हाम्रो शुद्धोधन** नामक स्थानीय पाठ्यक्रमले समग्र शुद्धोधन गाउँपालिका क्षेत्रको परिचय सहितका विषयवस्तुहरू समेटिएकोले यो शुद्धोधन गाउँपालिको एक मौलिक सम्पत्तिको रूपमा रहने मेरो विश्वास छ । पाठ्यक्रम निर्माणमा आफ्नो तर्फबाट निरन्तर सहयोग गर्नुहुने पाठ्यक्रम निर्माणमा क्रियाशील रहनु भएका शुद्धोधन गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरू, पाठ्यक्रम निर्माण कार्यदलका सदस्यज्यूहरू, शिक्षक तथा सरोकारवाला सम्पूर्णलाई म विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो पाठ्यक्रमको सफल कार्यान्वयनमा यस शुद्धोधन गाउँपालिकाका सम्पूर्ण विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, अध्ययनरत विद्यार्थी भाइबहिनीहरू, प्रधानाध्यापकज्यूहरू, शिक्षक, आमअभिभावक तथा जनप्रतिनिधि र शिक्षा समितिका पदाधिकारीहरूको सार्थक प्रयास रहने विश्वास लिँदै पाठ्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोगको अपेक्षा गर्दछु ।

उपाध्यक्ष
होम प्रकाश चौधरी कुर्मी
शुद्धोधन गाउँपालिका, कपिलबस्तु

# शुभकामना

नेपालको संविधान, २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय तहको कार्यक्षेत्र भित्र राखेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा एकीकृत पाठ्यक्रम, २०७६ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ। सोही अनुसार शुद्धोधन गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेटमा स्थानीय पाठ्यक्रम निर्माण गरी पालिका क्षेत्रका विद्यालयमा कक्षा १–८ सम्म लागु गर्ने योजना अनुसार स्थानीय पाठ्यक्रम तयार भएको छ । यस स्थानीय पाठ्यक्रमले गाउँपालिका क्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ। यसबाट बालबालिकाले औपचारिक रूपमा आफ्नो ठाउँ एवम् भूगोल, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको पहिचान सहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन्। साथै यस पाठ्यक्रमले बालबालिकाहरूलाई शुद्धोधन गाउँपालिका र वरपरका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिप समेत हासिल गराउने छ। स्थानीय प्रविधि तथा परम्परागत सामग्रीहरूलाई समेत यस पाठ्यक्रमले संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउनेछ। मैले स्थानीय कला, कौशल, भाषा, भेषभूषा, संस्कृति र असल आचरण समेत विकास गरी बालबालिकाहरूलाई असल एवम् सक्षम नागरिक बन्न यस पाठ्यक्रमले सघाउ पुऱ्याउने छ भन्ने विश्वास लिएको छु। यो पाठ्यक्रम २०८० सालको शैक्षिक सत्रदेखि कक्षा १-८ मा लागु गरिने छ।

पाठ्यक्रम तर्जुमामा सहभागी हुनु भएका गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू सहित सम्पूर्ण जनप्रतिनिधिहरु, विज्ञ श्री बाबुराम भट्टराई, श्री रोमकान्त घिमिरे र श्री दिनेश पन्थी, शिक्षा शाखा लगाएत सम्पूर्ण कर्मचारीहरु, प्र.अ., शिक्षक, पत्रकार, युवा क्लव, विद्यार्थी सबै महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु। सम्बद्ध विद्यालयहरुले यो पाठ्यक्रमको महत्त्वलाई स्थापित गर्दै पठनपाठनलाई व्यवस्थित गर्नु हुने कुरामा समेत म विश्वस्त छु र पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# शिक्षा शाखा प्रमुखको भनाई

शुद्धोधन गाउँपालिकाले शिक्षाको राष्ट्रिय पाठ्यक्रमको अवधारणा अनुसार विद्यालय तहको शिक्षामा रहेको स्थानीय विषयलाई बढी उद्देश्यमूलक व्यावहारिक समसामायिक एवम् स्तरीय बनाउने अभिप्रायले स्थानीय आवश्यकतालाई पाठ्यक्रममा सम्बोधन गर्न स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी, बुद्धिजीवी लगायतका सरोकारवालासँग राय सुझाव सङ्कलन गरी स्थानीय पाठ्यक्रम निर्माण गरी शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्ने काम अगाडि बढाइएको छ। कक्षा १ देखि ८ सम्म लागु गरिने कार्यक्रम अनुसार शैक्षिक सत्र २०८० बाट सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म लागु गरिने क्रममा रहेको स्थानीय अंशलाई व्यवहारोपयोगी बनाउने गरी पाठ्यक्रम विकास गरिएको छ। बालबालिकाले सिक्नै पर्ने स्थानीय विषयवस्तुहरू विभिन्न व्यक्तिहरूको राय सुझाव गाउँपालिकास्तरीय गोष्ठी, शिक्षा समिति, गाउँ कार्यपालिका र विषयविज्ञ, विद्यालयका प्र.अ., शिक्षकहरु एवम् सरोकारवालाहरु आदिबाट प्राप्त सुझाव तथा पृष्ठपोषण समेतका आधारमा विषयगत क्रमबद्धता समेतलाई ध्यान दिइएर यो पठ्यक्रम तयार गरिएको छ। यस पाठ्क्रममा समसामयिक परिवेशमा रहेका पाठ्यवस्तु बदलिँदो विषय, स्थानीय आवश्यकता र प्रविधिको पहिचान गराउने, आउने सन्ततिलाई प्रविधिको बोध गराउने तथा सबैतिर पहिचान गर्ने अभिप्राय रहेको छ। पाठ्यक्रम निर्माण कार्यदलमा रही अथक भूमिका निर्वाह गर्नु हुने श्री बाबुराम भट्टराई, श्री रोमकान्त घिमिरे, श्री दिनेश पन्थी, श्री ईश्वरी प्रसाद न्यौपाने र श्री दोर्ण प्रसाद अर्याल लगायत तर्जुमा प्रक्रियामा सहभागी हुनु भएका सबै महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु।

शिक्षा शाखा प्रमुख
धनी प्रसाद शर्मा

# हाम्रो भनाइ

नेपालको संविधान २०७२ जारी भए पछि नेपाल तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा पुनर्संरचित भयो। संविधानले नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी अधिकारहरुको व्यवस्था गरेको छ। साझा तथा एकल अधिकारका सूची मार्फत संविधानले विभिन्न अधिकारका साथ स्थानीय तहलाई माध्यमिक तहको शिक्षाको जिम्मेवारी दिएको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको यो प्रावधानलाई कार्यान्वयन गर्नु स्थानीय सरकारहरुको दायित्व हुन आएको सन्दर्भमा यो पाठ्यक्रम निर्माण केन्द्रीय पाठ्यक्रमले विश्वव्यापीकरणतर्फ जोड दिने र स्थानीय तहलाई पूर्णरुपमा समेट्न नसकेको आवश्यकतालाई मध्यनजर गर्दै स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै स्थानीय विषयसमेत समावेश गर्न सकिने प्रावधान रहेकाले आधारभूत तहमा स्थानीय आवश्यकताको पहिचान गर्दै यहीको माटो सुहाउँदो **हाम्रो शुद्धोधन** नामक १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ।

शुद्धोधन गाउँपालिकाले विद्यालय तहको शिक्षामा रहेको स्थानीय विषयलाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम स्तरीय बनाउने अभिप्रायले स्थानीय शिक्षक, अभिभावक, विद्यार्थी र बुद्धिजीवीबाट राय सुझाव सङ्कलन गरी स्थानीय पाठ्यक्रम बनाई सोअनुसारका पाठ्यपुस्तक तयार गर्ने कार्यलाई अघि बढाएको छ। कुनै पनि पाठ्यक्रम शिक्षण प्रक्रियाको मूल आधार हो र यसकै आधारमा शैक्षिक क्रियाकलाप सञ्चालन हुने भएकाले स्थानीय पाठ्यक्रम पनि स्तरीय समसामयिक र परिवेश अनुकूल निर्माण गरिनुपर्छ। वर्तमान लोकतान्त्रिक परिवेशमा यसै मान्यतानुसार कक्षा १ देखि ८ सम्मका आधारभूत शिक्षा पाठ्यक्रममा रहेको स्थानीय अंशलाई व्यवहार उपयोगी बनाउन यो पाठ्यक्रम विकास गरिएको हो। पाठ्यक्रम निर्माण गर्न गठित कार्यदल, शिक्षक तथा सरोकारवालाको कार्यशाला तथा शिक्षा समितिका अतिरिक्त गा.पा. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु र कार्यपालिकाका सदस्यहरूको सुझावसमेतलाई समावेश गरिएको हो। यसमा स्थानीय विषयको शिक्षण सिकाइ कार्यलाई सहयोग पुग्ने दृष्टिकोणले विषयवस्तुको विस्तृतीकरण सम्भावित शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कन र पाठ्यभार समेतलाई समावेश गरिएको छ।

यो पाठ्यक्रममा स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका आर्थिक, व्यवसायिक, शैक्षिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्त्व बोकेका

स्थलहरुको संरक्षण र संवर्द्धन गर्ने प्रयत्न गरिएको छ। यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरुका लागि अझ उपयोगी बनाउन तत्पर रहेको छ। आफ्नो क्षेत्रमा रहेका महत्त्वपूर्ण वस्तुहरुको परिचय गराई उनीहरुमा आफ्नो ठाउँ, कला, संस्कृतिको परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, स्वावलम्बी बन्ने धारणाको विकास गराउनु आजको आवश्यकता हो । यसलाई पूरा गर्नका लागि केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका तत्तत् विषयवस्तुलाई पूर्णता दिने उद्देश्यका साथै स्थानीय विषयवस्तुका बारेमा चिनारी गराउने हेतुले यो पाठ्यक्रम तयार पारिएको हो। समय सान्दर्भिक र आवश्यकतामा आधारित विभिन्न पाठ्य सामग्री र सन्दर्भ सामग्रीहरूको सहयोगमा स्थानीय पाठ्यक्रममा उल्लेखित विषयवस्तुको सिकाइ सहजीकरण गनुपर्ने हुन्छ। यस पाठ्यक्रममा विषयवस्तुको क्षेत्र, क्रम, शिक्षण सिकाइ क्रियाकलापका सम्भावित गतिविधिहरू, सम्भावित मूल्याङ्कन प्रक्रियासमेत उल्लेख गरिएको छ। स्थानीय परिवेश तथा स्थानीय वातावरणको जगमा तयार गरिएको यस पाठ्यक्रमले शुद्धोधन गाउँपालिकाको चिनारी दिने र शुद्धोधन गाउँ पालिकाको आफ्नो पहिचान कायम राख्ने कुरामा सहयोग गर्ने विश्वास लिएका छौँ।

स्थानीय पाठ्यक्रम निर्माण समिति
शुद्धोधन गाउँपालिका, कपिलवस्तु

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | विषयक्षेत्र | २ |
| ३. | पाठ्यक्रमको औचित्य | २ |
| ४. | तहगत सक्षमताहरु | ३ |
| ५ | शिक्षाका राष्ट्रिय उद्देश्यहरु | ४ |
| ६. | क्षेत्र र क्रम | १२-१५ |
| ७. | कक्षागत सिकाइ उपलब्धि | १६-२२ |
| ८. | विस्तृतीकरण तालिका : | |
| | कक्षा : १ | २३ |
| | कक्षा २ | २६ |
| | कक्षा ३ | ३० |
| | कक्षा ४ | ३३ |
| | कक्षा ५ | ३७ |
| | कक्षा ६ | ४१ |
| | कक्षा ७ | ४६ |
| | कक्षा ८ | ५१ |
| ९. | पठनपाठनको माध्यम | ५८ |
| १०. | पठनपाठनको समय | ५८ |
| ११. | सिकाइ सहजीकरण कार्यमलाप/विधि | ५८ |
| १२. | विद्यार्थी मुल्याङ्कन | ५८ |

# १. परिचय

नेपाल एउटा विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता नै यस देशका प्रमुख विषेशता हुन् । यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई आवश्यक ज्ञान, सीप र व्यवहारमा सम्पूर्ण सक्षमताहरु प्रदान गर्न सक्तैन भन्ने यथार्थता अनुरुप स्थानीय पाठ्यक्रम आएको हो । यसलाई प्राथमिक पाठ्यक्रम २०६२।२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३, स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका, २०७६ ले समेत पुष्ट्याइँ गरेको पाइन्छ ।  त्यसै गरी नेपालको हालको संविधानले समेत माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकोले पनि स्थानीय तहको अगुवाईमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्न आजको आवश्यकता हो ।

साधारण अर्थमा स्थानीय स्तरका विषयवस्तुहरु समावेश गरी विद्यालयमा नियमित पठनपनठन गर्ने अभिप्रायले तयार गरिएको विषय वस्तुनै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुलाई समेट्छ र तिनीहरुलाई विद्यालयको नियमित कार्यक्रम अनुरुप कक्षाकोठामा पुऱ्याउँदछ । यसमा विषेश गरी स्थानीय स्तरका प्राकृतिक, साँस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तु साथै पेशा व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरु समावेश गर्न सकिन्छ ।

यसै शिलशिलामा कपिलवस्तु जिल्ला शुद्धोधन गाउँपालिका अर्न्तगतका विद्यालयहरुका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि गाउँपालिकाका जनप्रतिनिधिहरु, विद्यालयका प्रअ तथा शिक्षकहरु, विद्यार्थी, स्थानीय बुद्धिजीवी तथा संघसंस्थाका प्रतिनिधिको उपस्थितिमा  स्थानीय विषयका आवश्यक विषयवस्तु छनोट गरी स्थानीय पाठ्यक्रम निर्माण समिति, कार्यदल, विषय विज्ञहरु तथा मुख्य सरोकारवालाहरुको चरणबद्धरुपमा छलफल, अन्तक्रिया र लेखनबाट यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्ष १-८ मा लागु हुनेछ ।

## २. विषयक्षेत्र

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५) आधारभूततह (कक्षा १-८) पाठ्यक्रम २०६९ तथा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४ र स्थानीय पाठ्यक्रम प्रारुप, २०७१ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ मा रहेको प्रावधान अनुरुप यो पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले मूलभूत रुपमा शुद्धोधन गाउँपालिका क्षेत्रको सेरोफेरोलाई समेट्ने प्रयास गरेको छ, स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकालाई आफ्नो सामाजिक वातावरण तथा वातावरणीय परिवेशबारे ज्ञान, सीप र धारणा प्रदान गर्ने यसको मुख्य अभिप्राय रहेको छ। स्थानीय पेशा, व्यवसाय, ऐतिहासिक, धार्मिक, आर्थिक विषयहरु, स्वास्थ्य, सामाजिक विषयहरु, स्थानीय खेलहरु जीवनमार्ग जस्ता विषयको बारेमा महत्व दिएको छ।

## ३. पाठ्यक्रमको औचित्य

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरुकता आउनु पर्छ । संसारमा सबै प्रकारका  विकास र सुधार कार्यहरु मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाउँ समुदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरु र आर्थिक क्रियाकलापहरुबारे जानकार हुनु पर्दछ। आफू र आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र व्यापक क्षेत्रमा पुग्न सकिन्छ।

यस पाठ्यक्रमले यस क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा बालबालिकाहरुले औपचारिक रुपमा आफ्नो टोल, वडा, पालिका र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् ।  यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरु, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरुका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रका प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाको सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वयनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरुलाई स्थानीय परिवेशको पहिचान गराइ सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्वनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका लागि नयाँ सम्भावनाहरु पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्नेछ।

# ४. तहगत सक्षमताहरू

**कक्षा १–५**

क) शुद्धोधन गाउँपालिकाको मौलिक, सामाजिक, तथा वडाका मुख्य मुख्य समस्याहरुको पहिचान,

ख) स्थानीय पेसा व्यवसाय र बाजाहरुको पहिचान,

ग) शुद्धोधन तथा छिमेकी पालिकाको ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको जानकारी र पहिचान,

घ) स्वस्थकर खानेकुरा र स्वस्थ्य बानी व्यवहार, आदर सत्कार र स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाको जानकारी र परिचय,

ङ) स्थानीय भाषा, चाडपर्व तथा बाजाहरुको वारेमा परिचय,

च) मानवीय एवं प्राकृतिक विपत्‌हरुको परिचालन तथा त्यसबाट बच्ने उपायहरुबारे होसियारी,

छ) जीवनमार्ग, योग, व्यायाम र खेलकुद सम्बन्धी परिचय तथा अभ्यास,

ज) बालबालिकाका अधिकारबारे जानकारी तथा व्यवहार।

**कक्षा ६–८**

क) वडा तथा पालिकाको परिचय, ऐतिहासिक पृष्ठभूमि, गठन प्रक्रिया काम, कर्तव्य र अधिकार तथा नक्सा पहिचानबारे जानकारी,

ख) स्थानीय परम्परागत तथा आधुनिक पेसा, उद्योग तथा पर्यटकीय क्षेत्र एवं जल संरक्षण परिचय तथा पहिचान,

ग) शुद्धोधन तथा छिमेकी (जिल्लाबाहिर समेत) पालिकाका ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय स्थलहरुको जानकारी र पहिचान,

घ) सामाजिक कुरीति र तिनीहरुको निराकरणमा शिक्षण संस्था लगायत अन्य संस्थाहरुको भूमिका बारे जानकारी,

ङ) धर्म, संकृति तथा म»ल्यमान्यताहरुको महत्त्व एवं धार्मिक सहिष्णुताको अनुसरण,

च) विपत् व्यवस्थापन र वातावरण संरक्षणमा स्थानीय तह, संघ सस्थाको भूमिकाबारे जानकारी,

छ) जीवनमार्ग, योग, व्यायम र खेलकुद सम्बन्धी परिचय तथा अभ्यास,

ज) बाल, युवा, महिला ज्येष्ठ नागरिक तथा अपाङ्गताका अधिकारबारे जानकारी र व्यवहार,

झ) योग, ध्यानको अभ्यास तथा धार्मिक ऐतिहासिक एवं पर्यटकीय स्थालहरुको अवलोकन र प्रतिवेदन लेखन।

## ५. शिक्षाका राष्ट्रिय उद्देश्यहरु

पाठ्यक्रममा व्यवस्था भए अनुसार शिक्षाका राष्टिय उद्देश्यहरु निम्नानुसार रहेका छन।

१. प्रत्येक व्यक्तिमा अन्तरनिहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनाहरुलाई प्रस्फुटित गर्न सहयोग गर्ने।

२. प्रत्येक व्यक्तिमा निहित सार्भभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता सामाजिक मान्यता र आस्थाहरुको सम्बर्धन गरी जिवन्त अनुभवहरु समेट्दै स्वस्थ, सामाजिक तथा सामुहिक जीवन पद्दतिको विकास गर्न चरित्रवान एवं नैतिकवान नागरिक तयार गर्ने।

३. स्थानीय र राष्ट्रिय स्तरका पेसा व्यवसाय एवं रोजगारीका साथै आवश्यकता अनुसार अन्तराष्ट्रिय रोजगारतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने।

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने।

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणको निम्ति मानव संसाधनको विकास गर्ने।

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण सदुपयोग गर्न सहयोग गर्दै पर्यटन प्रवर्धनमा सहयोग गर्ने नागरिक तयार गर्ने।

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदानुसारको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने।

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुसार शान्तिमैत्री, सद्भाव, सहिष्णुता र विश्व बन्धुत्वको भावनाको विकास गरी तद् अनुरुपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनको लागि सक्षम नागरिक तयार गर्ने।

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने।

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने समालोचनात्मक तथा रचनात्मक सोच भएका मितव्ययी स्वाभीमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपाली भएकोमा गौरव गर्ने नागरिक तयार गर्ने।

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ठ्यहरुको संरक्षण, संवर्धन विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न प्रेरित गर्ने।

१२. प्राकृतिक एवं दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्न।

## ६. कक्षागत सिकाई उपलब्धिहरू

### कक्षा १

१. आफ्नो वडा र पालिकाको नाम बताउन ।
२. आफ्ना परिवारका सदस्य र स्थानीय ब्यक्तिहरुको पेसाहरु बताउन ।
३. शुद्धोधन गा.पा. भित्र रहेका धार्मिक र पर्यटकीय स्थलहरुको नाम बताउन ।
४. आफ्नो सरसफाइ र सन्तुलित खानाबारे बताउन ।
५. आफ्नो कक्षा र विषयका बारेमा बताउन ।
६. आफ्नो र साथीको मातृ भाषाको नाम भन्न ।
७. आफ्नो परिवारमा मान्ने धर्म, चाडपर्वहरुको नाम बताउन ।
८. बालगीत स्वर मिलाएर गाउन ।
९. घरको सरसफाइबारे बताउन ।
१०. घरको फूलवारीमा रहेका फूलहरुको नाम भन्न ।
११. चित्रबाट आगलागी र सडक दुर्घटनाको पहिचान गर्न ।
१२. अभिवादनका संकेतहरु प्रस्तुत गर्न ।
१३. आफ्नो जन्मदिन बताउन ।
१४. शान्तपूर्वक बसी बाल आसन गर्न ।
१५. कोरोवा (रुमाल लुकाइ) र चुरी खेल खेल्न ।
१६. बालबालिका र बालबिकासबारे बताउन ।
१७. परियोजना / प्रतिवेदन तयार गर्न

### कक्षा २

१. आफ्नो टोल, वडा र पालिकाको सामान्य परिचय दिन ।
२. आफ्ना समुदायका मानिसहरुको पेसा बताउन
३. आफ्ना घरवरिपरि उत्पादन हुने कृषि उपजबारे बताउन ।
४. गा.पा. भित्र रहेका धार्मिक र पर्यटकीय स्थलहरुको परिचय दिन ।
५. बालबालिकाहरुले अपनाउनु पर्ने असल बानी व्यवहारहरुका बारेमा बताउन ।
६. आफ्नो पढाइ र परिवारका सदस्यहरुको शिक्षाबारे भन्न ।
७. आफ्नो समुदायमा रहेका मातृ भाषाहरु बताउन ।
८. स्थानीय चाड पर्वहरुको सूची तयार गरी ईद र होलीको बारेमा बताउन ।
९. बाल गीत स्वर मिलाएर गाउन
१०. विद्यालय र समुदायको सरसफाइबारे बताउन ।

११. विद्यालय वरपर रहेका फूलहरुको नाम भन्न।
१२. लु लाग्नु र हावाहुरीका बारेमा बताउन।
१३. सन्तुलित ब्यवहार प्रदर्शन (गर्न हुने र गर्न नहुने कामहरु)
१४. आफ्नो रुचीका विषय बताउन।
१५. बिहवानी र बैठवान खेल खेल्न।
१६. टाउको, हात र गोडाका चाल सम्बन्धी अभ्यास गर्न।
१७. बाल स्वभावहरु भन्न।
१८. बाल अधिकारबारे बताउन।
१९. परियोजना / प्रतिवेदन तयार गर्न

## कक्षा ३

१. आफ्नो टोल, वडा र पालिकाको परिचय दिई नक्साामा आफ्नो वडा देखाउन।
२. आफ्ना वडाका मानिसहरुको मुख्य पेसाहरुको सूची तयार गर्न।
३. आफ्नो वडामा हुने सामान्य कृषि उपज, पशुपालन र माछापालनको बारेमा बताउन।
४. शुद्धोधन गा.पा. भित्र रहेका लबनी, शिवलहवा र विभिन्न कोटहरुको वारेमा बताउन।
५. परिवारको चालचलनबारे बताउन।
६. आफ्नो र परिवारको सरसफाइबारे भन्न।
७. आफ्नो विद्यालयको परिचय दिन।
८. हिन्दू, ईस्लाम र बौद्ध धर्मको परिचय दिन।
९. आफ्नो समुदायका स्थानीय मेलाहरुको बारेमा बताउन।
१०. समुदाय र वडाको सरसफाइबारे बताउन।
११. आफ्नो वडामा रहेका बाल उद्यानको बारेमा बताउन।
१२. कुलो, नाली र अन्य जलाशय सफा राख्ने उपायहरु बताउन।
१३. खुसि हुने उपायहरु बताउन।
१४. आफ्नो दैनिकी तयार गर्न।
१५. चिक्का र घुषघरा खेल खेल्न।
१६. योग र ध्यानको अर्थ र महत्व बताउन।
१७. बाल अधिकार अन्तर्गत बाल बचाउका तरिका बताउन।
१८. बाल बचाउमा अभिभावकको भूमिकाबारे बताउन।
१९. परियोजना / प्रतिवेदन तयार गर्न

## कक्षा ४

१. आफ्नो वडा र पालिकाको सामान्य परिचय दिई नेपालको नक्साामा आफ्नो पालिका देखाउन।
२. आफ्ना वडामा हुने तरकारी खेती , अन्नबाली र पशुपालनको बारेमा बताउन।
३. वडामा हुने ब्यापार र हाटबजारका बारेमा बताउन।
४. छिमेकी पालिका मायादेवीमा रहेका पकडी र चाकलचौडाको बारेमा बताउन।
५. आफू र आफ्नो साथीले अपनाउने स्वस्थकर बानी व्यवहार बारे भन्न।
६. वडामा रहेका विद्यालय र स्वास्थ्य संस्थाहरुको सूची तयार गर्न।
७. सन्तुलित भोजनका बारेमा बताउन।
८. आफ्नो समुदायमा मनाइने स्थानीय पर्वहरु माघी, रमजानको बारेमा बताउन।
९. समुदायमा मनाइने स्थानीय मेलाहरु, स्थानीय बाजाहरुको वारेमा बताउन।
१०. स्थानीय गीतहरुको पहिचान गर्न।
११. वरिपरिको वातावरणमा पाइने जडिबुटी भटकोइयाको बारेमा बताउन।
१२. राम्रो बिद्यालयका विशेषता बताउन।
१३. प्रकोप र विपत्को अर्थ सहित भूकम्प र बाढीको बारेमा बताउन।
१४. असल विचार र आनीबानीबारे भन्न।
१५. योग र ध्यानको महत्व बताउन।
१६. अनुलोम बिलोमको अभ्यास गर्न।
१७. बाल अधिकार अन्तर्गत बालबिकासका उपायहरु बताउन।
१८. बालबिकासमा शिक्षकको भूमिकाबारे बताउन।
१९. परियोजना / प्रतिवेदन तयार गर्न

## कक्षा ५

१. आफ्नो वडा कार्यालयको बारेमा बताउन।
२. वडाका मुख्य मुख्य कार्यहरु बताउन
३. वडाका मुख्य मुख्य स्थानहरु बताउन।
४. आफ्ना वडाका आम्दानीका श्रोतहरु पत्ता लगाउन
५. पालिकाका मुख्य ३ बजारहरु लबनी, शिवलहवा, प्रगतिनगको बारेमा बताउन।
६ छिमेकी पालिकाहरुमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु सिसहनिया, अरौराकोट, लक्ष्मणघाट, राजापानीको बारेमा बताउन।
७. आफ्नो पालिकामा उत्पादन हुने स्वस्थकर खानाबारे बताउन।

८. अस्वस्थकर खानाहरुको पहिचान गर्न ।
९. आफूले गर्नु पर्ने आदर, सत्कार आफ्नो र समुदायको सरसफाइ र बाटोमा हिड्दा अपनाउनु पर्ने सावधानी बारे बताउन ।
१०. पालिका भित्र मनाइने मुख्य पर्वहरु दशैं, तिहार, ईद, बौद्ध पूर्णिमाका बारेमा बताउन ।
११. पालिकामा लाग्ने मेलाको सूचि तयार गर्न ।
१२. स्थानीय बाजाहरु डफला, तासाको परिचय दिन ।
१३. बालगीत स्वर मिलाएर गाउन ।
१४. वाताबरणको परिचय दिँदै आफ्नो पालिकाको वातावरणीय अवस्था बताउन ।
१५. स्थानीय जडिबुटी अरोरा र अमलाको बारेमा बताउन ।
१६. प्रकोप र विपत्को परिचय दिँदै चट्याङ्ग र असिनाको बारेमा बताउन ।
१७. आफ्नो जीवनको लक्ष्य बताउन ।
१८. नैतिक आचरणको पालन र सकारात्मक सोचको विकास गर्न ।
१९. सिर्जनात्मक कार्यहरु (चित्र कोर्न, नाच्न, गीत गाउन) गर्न ।
२०. कपालभातीको अभ्यास गर्न ।
२१. कपर्दी खेल खेल्न ।
२२. बाल अधिकार अन्तर्गत बाल संरक्षणका उपायहरु बताउन ।
२३. बाल संरक्षणमा परिवार र समुदायको भूमिकाबारे बताउन ।
२४. पालिकामा लाग्ने मेलाको सूचि तयार गर्न ।
२५. परियोजना / प्रतिवेदन तयार गर्न

## कक्षा ६

१. आफ्नो वडाको ऐतिहासिक पृष्ठभूमी बताउन ।
२. वडा समितिको गठन र वडा अध्यक्षको काम कर्तब्य र अधिकार बताउन ।
३. आफ्नो पालिकामा रहेका मुख्य व्यापारिक केन्द्र लबनी, शिवलहवा, प्रगतिनगरमा हुने आर्थिक क्रियाबलापबारे भन्न ।
४. पालिकामा रहेका लघु उद्योगहरुको सूची तयार गर्न ।
५. छिमेकी पालिका क.ब.न.पा.मा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु निग्लिहवा, सगरहवा, जगदिशपुर तालको बारेमा परिचय दिन ।
६. शुद्धोधन गा. पा. भित्र रहेका शिक्षण संस्थाहरुको सूची तयार गर्न ।
७. बाल विवाहका असरहरुको सूची तयार गर्न ।
८. सामाजिक कुरीतिहरु हटाउन बाल क्लबको भूमिका बताउन ।

९. सामान्य ट्राफिक नियमवारे बताउन ।

१०. किशोर अवस्थामा आउने परिवर्तनवारे बर्णन गर्न ।

११. पालिका भित्रका धार्मिक स्थलहरु मन्दिर मश्जिद र गुम्बाको परिचय दिन ।

१२. स्थानीय बाजाहरु झ्याझ्, सहनाईबारे बताउन ।

१३. रोपाइँ गीतलाइ लय मिलाएर गाउन ।

१४. स्वच्छ वातावरण र हरित बिद्यालयका विशेषताहरुको सुची तयार गर्न ।

१५. विपत्का कारणहरु बताउँदै भूकम्पको बारेमा परिचय दिन ।

१६. स्थानीय जडिबुटी गोमा, तुलसी र गुर्जोको परिचय दिन ।

१७. वातावरण संरक्षणमा इको क्लबको भूमिका बताउन ।

१८. खानेपानीका स्रोतहरुको पहिचान गर्न ।

१९. जीवन उपयोगी सिपहरु आत्म अनुशासन, प्रभावकारी सञ्चार र संवेग ब्यवस्थापनबारे बताउन

२०. असल संस्कारहरुको सूची तयार गर्न ।

२१. लाठी खेलको अभ्यास गर्न ।

२२. बज्रासनको अभ्यास गर्न ।

२३. बाल सहभागिताका स्थानहरु बताउन ।

२४. बाल अधिकारमा स्थानीय तहको भूमिका भन्न ।

२५. योग तथा ध्यानको अभ्यास,

२६. ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन

२७. भूकम्प, आगलागी र सडक दुर्घटनाजस्ता विपत्मा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास गर्न सक्ने छन् ।

## कक्षा ७

१. आफ्नो गाउँपालिकाको परिचय दिन ।

२. गाउँपालिकाको नक्सा बनाई र महत्वपूर्ण स्थलहरु देखाउन ।

३. पालिका भित्र हुने परम्परागत र आधुनिक पेसाहरुको सूची तयार गर्न ।

४. पालिका भित्रका पर्यटकीय स्थल र उद्योगहरुको पहिचान गरी सामान्य परिचय दिन ।

५. कपिलवस्तु जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु गोटिहवा, रामघाट, तौलेश्वरनाथ मन्दिरको बर्णन गर्न ।

६. आफ्नो पालिकामा रहेका शिक्षण संस्थाहरुको परिचय दिन ।

७. सामाजिक कुरीतिहरु बाल श्रम, दाइजोप्रथाका असरहरु बताउन र हटाउनका लागि सामाजिक संघ सस्थाको भूमिकाको सूचि तयार गर्न ।

८. ट्राफिकका संकेतहरुको अर्थ बताउन।
९. महिनावारी र यसबेलाको सरसफाइबारे बताउन।
१०. समुदायभित्रका धार्मिक आस्था शिव, पैगम्बर मोहम्मद र बुद्धको बारेमा बताउन।
११. पालिका भित्रका धार्मिक पर्वहरु दशैं, तिहार, ईद, बौद्ध पूर्णिमाको बारेमा बताउन।
१२. स्थानीय बाजाहरु मादल, बधाव, सारङ्गीको बारेमा बताउन।
१३. कजरी गीत, फागु गीत लय मिलाएर गाउन।
१४. स्वच्छ वातावरण निर्माणमा वृक्षारोपणको महत्व बताउन।
१५. स्थानीय जडिबुटी निम र चिचिहिडाको परिचय दिन।
१६. बालमैत्री बिद्यालयको आवश्यकता र बिशेषता बताउन।
१७. विपत् ब्यवस्थापनमा वडाको भूमिकाको सुची तयार गर्न।
१८. हाम्रो वडा र विपत्बारे बताउन
१९. वातावरण संरक्षणमा संघ संस्थाको भूमिका बताउन।
२०. स्वच्छ खानेपानी र खानेपानीका स्रोतहरुको संरक्षण गर्ने तरिका बताउन।
२१. इमान्दारिताका गुणहरु भन्न।
२२. समय ब्यवस्थापन , तनाव ब्यवस्थापन बारे बताउन।
२३. झरुवा खेल खेल्न।
२४. योग र ध्यानको महत्व बताउन र उत्तानमपाद आसनको अभ्यास गर्न।
२५. बालमैत्री स्थानीय शासनको परिचय दिई यसका क्षेत्रहरुको सूचि तयार गर्न।
२६. युवा तथा अपाङ्गता भएका व्यक्तिहरुका अधिकारबारे बताउन।
२७. योग तथा ध्यानको अभ्यास गर्न।
२८. ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन
२९. भूकम्प, आगलागी र सडक दुर्घटना जस्ता विपदमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास गर्न सक्ने छन्।

## कक्षा ८

१. आफ्नो पालिकाको ऐतिहासिक पृष्ठभूमि र गठन प्रक्रिया उल्लेख गर्न।
२. गाउँपालिका अध्यक्ष र उपाध्यक्षको काम, कर्तब्य र अधिकारको सूची तयार गर्न।
३. आफ्नो पालिकाको कृषि कार्यको अवस्था बताई कालानिमक धानको संरक्षण गर्ने तरिका बताउन।
४. पालिकाभित्र रहेका जलसम्पदाको संरक्षण र प्रवर्धनका उपाय बताउन।
५. पालिकाभित्र रहेका हाटबजार र उद्योगहरुको व्यवस्थित सञ्चालनका उपायहरु बताउन।

६. बुद्धसँग सम्बन्धित पर्यटकीय स्थलहरु कुदान, तिलौराकोट, लुम्बिनीको बारेमा बताउन।
७. आफ्नो पालिकामा हुने शैक्षिक गतिविधिहरुको परिचय दिन।
८. मानव बेचबिखन, घरेलु हिंसा, यौन दुर्ब्यवहार लागूपदार्थ दुर्ब्यसनको अर्थ बताउँदै यसबाट बच्ने उपायहरुको सूची तयार गर्न।
९. सवारी चलाउँदा अपनाउनु पर्ने सावधानी बताउन।
१०. इन्टरनेटको दुरुपयोगबाट हुने असरबारे बताउन र समाधानका उपायहरुको सूचि तयार गर्न।
११. सामाजिक कुरितीहरु हटाउन सरकारी निकाय, गै.स.स. र निजी क्षेत्रको भूमिकाबारे बताउन।
१२. साथीहरुको बीचमा हुने मित्रता, माया र रोमाञ्चित सम्बन्धमा ख्याल गर्नुपर्ने कुराहरु बताउन।
१३. धार्मिक सहिष्णुताबारे बताउन।
१४. धार्मिक पर्वहरु, छठ, मोहरम र माघी पर्बको परिचय दिन ।
१५. स्थानीय बाजाहरु बेन, करतारको परिचय दिन ।
१६. स्थानीय लोक गीतहरु सोहर, गारी , साउने गीत, जन्ती पठाउँदा गाउने गीत भाका मिलाएर गाउन।
१७. वातावरण संरक्षणमा विद्यालयको भूमिका बताउन।
१८. स्थानीय जडिबुटी भंग्रिया, मिसवा, र अरोसाको परिचय दिन।
१९. बालमैत्री विद्यालयका सूचकहरु बताउन।
२०. पालिका भित्रका जैविक विविधताको वारेमा भन्न।
२१. विपत ब्यबस्थापनमा स्थानीय तहको कार्यहरुको सूची तयार गर्न।
२२. विपत् जोखिम न्यूनीकरणका उपायहरु बताउन।
२३. खानेपानी स्वच्छ बनाउने तरिका बताउन।
२४. आफ्नो जीवनको लक्ष्य र आत्मअनुभूतिबारे बताउन।
२५. जीवन उपयोगी सिपहरुको महत्व भन्न।
२६. कुस्ती खेलको अभ्यास गर्न।
२७. योग र ध्यानको फाइदा बताउँदै आनापाना ध्यानको अभ्यास गर्न।
२८. बालअधिकारका क्षेत्रहरुमा पालिकाले सञ्चालन गरेका कार्यहरु बताउन।
२९. बालमैत्री स्थानीय शासनका मुख्य सूचकहरुको सूची तयार गर्न।
३०. महिला अधिकार तथा ज्येष्ठ नागरिकका अधिकारहरुबारे बताउन।
३१. योग तथा ध्यानको अभ्यास,
३२. ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन
३३. भूकम्प, आगलागी र सडक दुर्घटना जस्ता विपदमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास गर्न सक्ने छन्।

## शुद्धोधन गाउँपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

### ६. क्षेत्र र क्रम

| क्रसं | क्षेत्र र क्रम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुद्धोधन | -बसोबास भएको टोलको परिचय<br>-वडा र पालिकाको परिचय | -मेरो टोल<br>- वडा र पालिकाको भौगोलिक र सामाजिक अबस्था | -मेरो टोल<br>-वडा र पालिकाको जानकारी<br>-पालिकाको नक्सामा मेरो वडा | -मेरो वडा र पालिकाको परिचय<br>-नेपालको नक्सामा मेरो पालिका | -वडाका मुख्य मुख्य स्थानहरु<br>-हाम्रो वडा कार्यालय<br>-वडाका सामान्य कार्यहरु | -आफ्नो वडाको ऐतिहासिक पृष्ठभूमि<br>-वडा समितिको गठन<br>- वडा अध्यक्षको काम कर्तब्य र अधिकार | -गाउँपालिकाको परिचय<br>-गाउँपालिकाको नक्सा र महत्त्वपूर्ण स्थलहरु | -आफ्नो पालिकाको ऐतिहासिक पृष्ठभूमि<br>- पालिकाको गठन प्रक्रिया<br>-गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको काम कर्तब्य र अधिकार |
| २ | स्थानीय पेसा व्यवसाय प्रबिधि र आर्थिक क्रियाकलाप | -परिवारका पेसाहरु<br>-स्थानीय पेसाहरु | -हाम्रो समुदायका पेसाहरु<br>-कृषि | -मेरो वडाका मुख्य पेसाहरु<br>-कृषि, पशुपालन, माछापालन | -कृषि (तरकारीखेती, अन्नवाली धान, गहुँ)<br>-पशुपालन, ब्यापार (हाट बजार) | -आम्दानीका स्रोतहरु,<br>-बजारहरु ( लबनी, शिवलहवा, प्रगतिनगर) | -ब्यापारिक केन्द्रहरु( लबनी, शिवलहवा, प्रगतिनगर),<br>- लघु उद्योग | -परम्परागत पेसाहरु<br>-पर्यटकीय स्थलहरु<br>-आधुनिक पेसाहरु<br>-उद्योगको परिचय | -बाली संरक्षण (कालानिमक धान)<br>-जलसम्पदा संरक्षण (माछापालन)<br>-हाटबजार<br>-उद्योगहरु |
| ३ | हाम्रो शुद्धोधन र पालिकाका ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरु | - हाम्रो शुद्धोधनका, धार्मिक तथा पर्यटकीय स्थलहरु | -पर्यटकीय स्थलहरु लबनी, शिवलवाको परिचय | -पर्यटकीय स्थलहरु कोटइर्शमाइ वार्ड नं. २ र ५. | -छिमेकी पालिकाका पर्यटकीय स्थलहरु<br>-पकडी<br>-चाकलचौडा | -छिमेकी पालिकाका पर्यटकीय स्थलहरु<br>-शिसहनिया<br>-अरौराकोट<br>-लक्ष्मणघाट<br>-राजापानी | -छिमेकीपालिकाका पर्यटकीय स्थलहरु<br>-निग्लिहवा<br>-सगरहवा<br>-जगदिशपुर ताल | छिमेकी पालिकाका पर्यटकीय स्थलहरु<br>-गोटिहवा<br>-रामघाट<br>-तौलेश्वरनाथ | छिमेकी पालिकाका पर्यटकीय स्थलहरु<br>-कुदान<br>-तिलौराकोट<br>- लुम्बिनी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य, शिक्षा र सामाजिक व्यवहार | -स्वस्थ आनीबानी ब्यबहार<br>-मेरो पढाइ<br>-मेरो खाना | -असल बानी ब्यवहार<br>-मेरो शिक्षा<br>-स्वस्थकर खाना -व्यक्तिगत सरसफाई<br>-मेरो परिवारको शिक्षा | -हाम्रो चालचलन<br>-ब्यक्तिगत सरसफाइ<br>-घर परिवारको सरसफाइ<br>-हाम्रो विद्यालय | -स्वस्थकर बानी ब्यवहार<br>-समुदाय र शिक्षा<br>-हाम्रो स्वास्थ्य संस्थाहरु<br>-सन्तुलित भोजन | -स्थानीय तहमा उत्पादित स्वस्थकर खानाहरु र ब्यवहार<br>-अस्वस्थकर खानाहरु<br>-समुदायको सरसफाइ<br>-आदर सत्कार<br>-सडकको प्रयोगको ज्ञान | -पालिकामा रहेका शिक्षण संस्थाको नाम<br>-सामाजिक कुरितिहरु (बाल विवाह)<br>- ट्राफिक सचेतना,<br>-सामाजिक कुरीतिहरु हटाउन बाल क्लबको भूमिका<br>-किशोर अवस्था | -पालिकामा रहेका शिक्षण संस्थाहरुको परिचय<br>-सामाजिक कुरितिहरु (बाल श्रम, दाइजोप्रथा )<br>-ट्राफिक सचेतना- सामाजिक कुरीतिहरु हटाउन सामाजिक संघ संस्थाको भूमिका<br>-महिनावारी र सरसफाइ | -पालिकामा रहेका शैक्षिक गतिविधिहरु<br>-सामाजिक कुरितिहरु ( मानव बेचबिखन, घरेलु हिंसाहरु, यौन दुर्व्यवहारहरु, लागूपदार्थ दुर्व्यवसन र बच्ने उपायहरु)<br>-इन्टरनेटको दुरुपयोग<br>-ट्राफिक सचेतना<br>-सामाजिक कुरितीहरु हटाउन सरकारी निकाय (प्रहरी प्रशासन, गा.पा.) र गै.स.स. र निजी क्षेत्रको भूमिका<br>-मित्रता ,माया र रोमाञ्चित सम्बन्ध |
| ५ | हाम्रो धर्म, संस्कृति, मूल्य, मान्यता र संस्कार | -मातृभाषा (मेरो र साथीका भाषा),<br>-हाम्रो धर्म, चाडपर्वहरु<br>- बालगीत | -स्थानीय भाषाहरु अवधी, उर्दु, थारु....<br>-स्थानीय चाडपर्वहरु ईद, होली<br>-बाल गीत<br>-समुदाय र धार्मिक स्थलहरु | -हिन्दू , ईस्लाम, बौद्ध धर्म ,<br>-स्थानीय मेलाहरु | -स्थानीय चाडपर्वहरु तथा मेलाहरु ( माघी, रमजान)<br>-स्थानीय बाजाहरु,<br>-स्थानीय गीतहरु<br>-बालगीत | -पर्व तथा मेलाहरु ( दशैँ, तिहार, ईद, माघी, बौद्ध पूर्णिमा )<br>-स्थानीय बाजाहरु डफला, तासा<br>-बालगीत | -धार्मिक स्थलहरु ( मन्दिर मस्जिद, गुम्बा)<br>-स्थानीय बाजाहरु झाझ, सहनाई<br>-रोपाइँ गीत | -धार्मिक आस्था ( शिव, पैगम्बर मोहम्मद, बुद्ध, )<br>-धार्मिक पर्बहरु ( दशै, तिहार ईद बौद्ध पूर्णिमा ) )<br>-स्थानीय बाजाहरु मादल, बधाव, सारङ्गी<br>-कजरी गीत, फागू गीत | -धर्मिक सहिष्णुता<br>- धार्मिक पर्बहरु (, छठ पर्ब, मोहरम, माघी)-स्थानीय बाजाहरु बेन, करतार<br>-स्थानीय लोक गीतहरु सोहर, गारी , साउने गीत, जन्ति पठाउँदा गाउने गीत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | वातावरण, सरसफाइ र विपत् ब्यवस्थापन | -सफा मेरो घर<br>-हाम्रो फूलवारी<br>-आगलागी<br>-सडक दुर्घटना | -सफा विद्यालय र समुदाय<br>-हाम्रो बगैँचा<br>-लु लाग्नु<br>-हावाहुरी | -सफा मेरो वार्ड<br>-कुलो, नाली, जलाशय<br>-बालउद्यान | -वातावरणको अर्थ<br>-जडिबुटी (भटकोइया)<br>-सुन्दर विद्यालय<br>-बाढी | -वातावरणीय अवस्था<br>-जडिबुटी ( अरोरा, अमरा/ अमला)<br>-प्रकोप र विपतको परिचय<br>-चट्याङ्ग<br>-असिना | -स्वच्छ वातावरण अवस्था<br>-हरित बिद्यालय<br>-जडिबुटी (गोमा, तुलसी, गुर्जो, )<br>- विपतका कारणहरु<br>- इको क्लब<br>- खानेपानीका स्रोतहरु<br>-भूकम्प | - वाताबरणीय तत्वहरु<br>-जडिबुटी (निम, चिचिहिडा/मिस्वा भांग्रीया )<br>-बृक्षारोपण<br>-बालमैत्री विद्यालय<br>- हाम्रो वडा र विपत<br>- वातावरण संरक्षणमा संघ संस्थाको भूमिका<br>- खानेपानीका स्रोत संरक्षण | - वातावरण संरक्षणमा हाम्रो भूमिका<br>-जडिबुटी (अरोरा, अमरा/अमला)<br>-बालमैत्री विद्यालय<br>- जैविक बिबिधता<br>- विपत व्यवस्थापनमा स्थानीय तहको भूमिका<br>- विपत जोखिम न्युनीकरणका उपायहरु<br>- खानेपानी शुद्ध बनाउने तरिका |
| ७ | जीवनमार्ग, स्थानीय खेल र योग | -जन्मदिन<br>-सन्तुलित व्यवहार<br>- योग र ध्यान<br>- खेल (कोरोवा/ रुमाल लुकाई, चुरी ) | -सन्तुलित व्यवहार (गर्न हुने र गर्न नहुने कामहरु)<br>-आफ्नो रुचि<br>- योग र ध्यान<br>- खेल बिहवानी (धर्का तानेर गन्ति गर्न लगाउने खेल), बैठवान (लुकामारी ) | -खुसिपना<br>-दैनिकी<br>- योग र ध्यान<br>- खेल (चिक्का, घुषघरा ) | -असल विचार<br>-असल आनीबानी<br>- योग र ध्यान | -भविष्यको सपना<br>-नैतिक आचरण<br>- आनीबानीमा सकारात्मक परिवर्तन<br>-सिर्जनात्मकता<br>- योग र ध्यान<br>- खेल (कुस्ती, कपर्दी ) | -आत्म अनुशासन<br>-स्वास्थ्य व्यवस्थापन<br>- प्रभावकारी सञ्चार<br>-संवेग व्यवस्थापन<br>- असल संस्कारहरु<br>- योग र ध्यान<br>- खेल (लाठी ) | -इमान्दारिता<br>-समय व्यवस्थापन<br>- तनाव व्यवस्थापन<br>- योग र ध्यानको महत्त्व<br>- खेल (झरुवा ) | -आत्मअनुभूति<br>-जीवन उपयोगी सिपहरुको महत्त्व<br>- जीवनको लक्ष्य<br>- योग र ध्यानको महत्त्व<br>- खेल ( कुस्ती ) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | हामी र हाम्रो अधिकार | - बालबालिका र बालबिकास | - बालस्वभाव<br>-बाल अधिकार | - बाल बचाउ<br>- बाल बचाउमा अभिभावकको भूमिका | - बालबिकास<br>- बाल बिकासमा शिक्षकको भूमिका | -बाल संरक्षण<br>- बाल संरक्षणमा परिवार र समुदायको भूमिका | -बाल सहभागिता<br>- वाल बचाउ , बालबिकास, बाल संरक्षण र बाल सहभागितामा स्थानीय तहको भूमिका | -बाल मैत्री स्थानीय शासन<br>- युवा तथा अपाङ्गता अधिकार | - बालअधिकारका क्षेत्रमा पालिकाले सञ्चालन गरेका कार्यहरु<br>-बालमैत्री स्थानीय शासनका मुख्य सूचकहरु<br>- महिला अधिकार तथा ज्येष्ठ नागरिकका अधिकारहरु |
| ९ | प्रयोगात्मक कार्य | पाठको प्रकृतिअनुसार शिक्षकले प्रयोगात्मक कार्य गराउने | पाठको प्रकृतिअनुसार शिक्षकले प्रयोगात्मक कार्य गराउने | पाठको प्रकृति अनुसार शिक्षकले प्रयोगात्मक कार्य गराउने | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन | –योग तथा ध्यानको अभ्यास<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन |

**शुद्धोधन गाउँपालिकाको आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम**

**७. कक्षागत सिकाइ उपलब्धि**

| क्रसं | क्षेत्र र क्रम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुद्धोधन | - आफ्नो वडा र पालिकाको नाम बताउन । | -आफ्नो टोल, वडा र पालिकाको सामान्य परिचय दिन । | - आफ्नो टोल, वडा र पालिकाको परिचय दिई नक्साामा आफ्नो वडा देखाउन । | -आफ्नो वडा र पालिकाको सामान्य परिचय दिई नेपालको नक्साामा आफ्नो पालिका देखाउन । | - आफ्नो वडा कार्यालयको बारेमा बताउन ।<br>- वडाका मुख्य मुख्य कार्यहरु बताउन<br>- वडाका मुख्य मुख्य स्थानहरु बताउन । |
| ४ | स्वास्थ्य, शिक्षा र सामाजिक ब्यवहार | - आफ्नो पालिकामा उत्पादन हुने स्वस्थकर खानाबारे बताउन । -अस्वस्थकर खानाहरुको पहिचान गर्न । -आफूले गर्नु पर्ने आदर, सत्कार आफ्नो र समुदायको सरसफाइ र बाटोमा हिँड्दा अपनाउनु पर्ने सावधानीबारे बताउन । | -स्वस्थकर र अस्वस्थकर खानाहरु । -आदर, सत्कार । -सरसफाइ र बाटोमा हिँड्दा अपनाउनु पर्ने सावधानीहरु । | -स्वास्थकर खाना भनेको के हो ? विद्यार्थीलाई छलफल गराई शिक्षकद्वारा स्पष्ट पारिदिने । -घर परिवार र समुदायमा प्रयोगमा ल्याइने स्वस्थकर र अस्वस्थकर खानाको बारेमा छलफल गराई अस्वस्थकर खानाको सूची तयार गरिदिने । -आदर र सत्कारको बारेमा शिक्षकले विद्यार्थीलाई बताउने र विद्यार्थीलाई दर्जा अनुसार आदर र सँस्कार गर्ने बारे अभ्यास गराउने । -आफ्नो समुदाय सफा राख्न गर्नु पर्ने कर्यहरुबारे विद्यार्थीहरु बिच छलफल गराउने । -बाटोमा हिड्दा अपनाउनु पर्ने सावधानीका बारेमा विद्यार्थीबीच छलफल गराई शिक्षकहरु द्वारा आवश्यक निर्देशन गर्ने । | -स्वस्थकर खाना भनेको के हो ? -खानालाई स्वस्थकर राख्न के-के गर्नु पर्दछ ? -स्वस्थकर र अस्वस्थकर खानाको नाम लेख्नुहोस् । -बाटो हिँड्दा अपनाउनु पर्ने सावधानीहरु के-के हुन् लेखेर ल्याउनुहोस् । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो धर्म, संस्कृति, मूल्य, मान्यता र संस्कार | -पालिका भित्र मनाइने मुख्य पर्बहरु दशै, तिहार, इद, बौद्ध पूर्णिमाका वारेमा बताउन। -पालिकामा लाग्ने मेलाको सूची तयार गर्न। -स्थानीय बाजाहरु डफला,तासाको परिचय दिन। -बालगीत स्वर मिलाएर गाउन। | -पालिकाभित्र मनाइने मुख्य पर्वहरु । -पालिकामा लाग्ने मेलाहरु। -स्थानीय बाजाहरु। -बालगीत। | -पालिकाभित्र मनाईने मुख्य चार्ड पर्व के के हुन छलफल गराई सूची तयार गर्ने। -पालिकामा मनाईने मुख्य चार्डपर्वहरु दसैं, तिहार, ईद र बौद्ध पूर्णीमाको बारेमा शिक्षकले जानकारी दिने। -पालिकामा लाग्ने मेलाहरुको छलफल गराई सूची तयार गराउने। -थानीय बाजाहरुको सूची तयार गर्न लगाई डफला र तासाको परिचय दिन लगाउने। -स्थानीय तहमा गाईने कुनै बाल गीगतको स्वर मिलाई गाउन लगाउने। | -पालिकाभित्र मनाइने मुख्य चार्ड पर्वहरु के के हुन ? -दसैं, तिहार , ईद र बौद्ध पूर्णीमाको बारेमा परिचय दिनुहोस्। -स्थानीय बाजाहरुको खोजी गरी नाम लेख्नुहोस् । -बाल गीत लय मिलाएर गाउनुहोस्। | १५ |
| ६ | वातावरण, सरसफाइ र विपत् ब्यवस्थापन | -वाताबरणको परिचय दिदैं आफ्ना पालिकाको वातावरणीय अवस्था बताउन। -स्थानीय जडिबुटी अरोरा र अमलाको बारेमा बताउन। -प्रकोप र विपत्को परिचय दिदै चट्याङ्ग र असिनाको बारेमा बताउन। | -वातावरणको परिचय। -स्थानीय जडिबुटी। -प्रकोप र विपत्को परिचय। | -कक्षामा वातावरण भनेको के हो र शुद्धोधन गा.पा.को वातावरणीय अवस्थाको बारेमा जानकारी दिने। -जडिबुटी भनेको के हो शिक्षकद्धारा स्पष्ट पारी विद्यार्थीहरुलाई छलफल गराई स्थानीय तहमा पाइने जडिबुटीहरुको सूची तयार गर्ने। -प्रकोप र विपत्को अर्थ बताई चट्याङ्ग र असिनाको असरको बारेमा बताउने। | -वातावरण भनेको के हो ? -स्थानीय स्तरमा पाइने कुनै पाँच वटा जडिबुटीको नाम लेख्नुहोस्। -अरोरा र अमलाका फाइदाहरु लेख्नुहोस्। -असिना पर्दा हुने असरहरुको बारेमा लेखेर ल्याउनुहोस्। | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | जीवनमार्ग, स्थानीय खेल र योग | - आफ्नो जीवनको लक्ष्य बताउन।<br>-नैतिक आचरणको पालन र सकारात्मक सोंचको विकास गर्न।<br>-सिर्जनात्मक कार्यहरु - चित्र कोर्न , नाच्न, गीत गाउन) गर्न।<br>- कपालभातीको अभ्यास गर्न।<br>- कपर्दी खेल खेल्न। | - जीवनको लक्ष्य<br>-नैतिक आचरण<br>- सकारात्मक सोंच<br>-सिर्जनात्मक कार्यहरु<br>- कपालभातीको अभ्यास<br>- कपर्दी खेल | -प्रत्येक विद्यार्थीहरुलाई आफ्नो जीवनको लक्ष्य बताउन लगाउने।<br>-असल लक्ष्य निर्धारण गर्ने बानीका लागि सहजीकरण गर्ने।<br>-असल नैतिक आचरणको पालना र सकारात्मक सोचको विकासका लागि उदाहरण सहित शिक्षकले बताई दिने।<br>-विद्यार्थीहरुमा भएको सृजनात्मक क्षमताको प्रस्फुटनका लागि कक्षामा अभ्यास गराउने।<br>-कपालभातीको अभ्यास शिक्षकले गर्दै विद्यार्थीलाई अभ्यास गराउने।<br>-खेल मैदानमा गई कपर्दी खेलको नियमहरु बताइ खेल्न लगाउने। | -तपाईँको जीवनको लक्ष्य के हो ? भन्नुहोस्।<br>-सकारात्मक सोचको विकास गर्न के गर्नुपर्छ ?<br>-तपाईँको विद्यालयको चित्र बनाउनुहोस्।<br>-कपालभातीको अभ्यास गरी देखाउनुहोस्।<br>- कपर्दी खेल कसरी खेलिन्छ ? | ९ |
| ८ | हामी र हाम्रो अधिकार | - बाल अधिकार अन्तर्गत बाल संरक्षणका उपायहरु बताउन।<br>- बाल संरक्षणमा परिवार र समुदायको भूमिकाबारे बताउन। | - बाल अधिकार र बाल संरक्षणका उपायहरु।<br>- बाल संरक्षणमा परिवार र समुदायको भूमिका। | -कक्षामा बाल अधिकारको बारेमा छलफल गराउने र शिक्षकद्वारा स्पष्ट पारिदिने।<br>-बाल संरक्षण गर्ने उपायहरुको बारेमा शिक्षकले बताई दिने।<br>-बाल संरक्षणमा परिवार र समुदायको भूमिकाबारे शिक्षकद्वारा स्पष्ट पार्दै विद्यार्थीबीच छलफल गराउने। | -बाल अधिकार भनेको के हो? परिचय दिनुहोस्।<br>-बाल संरक्षणका कुनै चार उपायहरु लेख्नुहोस्।<br>-बाल संरक्षणमा परिवार र समूदायका कुनै चार वटा भूमिका लेख्नुहोस्। | १० |
| ९ | प्रयोगात्मक कार्य | | | | | १५ |

**विस्तृतीकरण तालिका :**
**कक्षा ६**

| क्रसं | क्षेत्र र क्रम | विशिष्ट उद्धेश्य | विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुद्धोधन | -आफ्नो वडाको ऐतिहासिक पृष्ठभूमि बताउन ।<br>-वडा समितिको गठन र वडा अध्यक्षको काम कर्तब्य र अधिकार बताउन । | -वडाको परिचय ।<br>-वडा समितिको गठन र वडा अध्यक्षको काम कर्तब्य र अधिकार । | -विद्यार्थीहरुलाई आ-आफ्नो वडाको बारेमा भन्न लगाई शिक्षकद्वारा सम्बन्धित वडाको ऐतिहासिक पृष्टभूमि बताई दिने ।<br>-शिक्षकद्वारा वडा समितिको गठन प्रक्रिया र वडा अध्यक्षको काम कर्तव्य र अधिकारबारे स्पष्ट पारिदिने । | -तपाईँका वडाको ऐतिहासिक पृष्ठभूमि लेखेर ल्याउनुहोस् ।<br>-वडा समितिको गठन प्रक्रिया बताउनुहोस् ?<br>-वडा अध्यक्षको काम कर्तव्य र अधिकार के-के हुन सूची तयार पार्नुहोस्? | १२ |
| २ | स्थानीय पेसा व्यवसाय प्रबिधि र आर्थिक क्रियाकलाप | -आफ्नो पालिकामा रहेका मुख्य ब्यापारिक केन्द्र लबनी, शिवलवा, प्रगतिनगरमा हुने आर्थिकक्रियाकलापबारे भन्न ।<br>- पालिकामा रहेका लघु उद्योगहरुको सूची तयार गर्न । | -पालिकामा रहेका मुख्य ब्यापारिक केन्द्रमा हुने आर्थिक क्रियाकलाप ।<br>- पालिकामा रहेका लघु उद्योगहरु । | -व्यापारिक केन्द्र भनेको के हो शिक्षकद्वारा स्पष्ट पारिदिने र शुद्धोधनका मुख्य-मुख्य व्यापारिक केन्द्र कुन-कुन हुन् र लबनी, सिवलहवा र प्रगतीनगरमा हुने आर्थिक क्रियाकलापहरुको बारेमा छलफल गराउने ।<br>- लघु उद्योगको बारेमा शिक्षकद्वारा जानकारी दिई शुद्धोधनमा रहेका लघु उद्योगको सूची विद्यार्थीको सहयोगमा तयार गर्ने । | -व्यापारिक केन्द्र भनेको के हो?<br>-शुद्धोधनका मुख्य व्यापारिक केन्द्र कनु कुन हुन ?<br>-आर्थिक क्रियाकलाप अन्तर्गत के के पर्दछन ?<br>-शुद्धोधनमा भएका लघु उद्योगहरुको सूची तयार पार्नुहोस्? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रो शुद्धोधन र छिमेकी पालिकाका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरु | -छिमेकी पालिका क.ब.न.पा.मा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु निग्लिहवा, सगरहवा, जगदिशपुर तालको बारेमा परिचय दिन ।<br>- | -क.व.न.पा.मा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको परिचय । | -शिक्षकबाट धार्मिक र पर्यटकीय स्थल भनेको के हो स्पष्ट पारिदिने ।<br>-छिमेकी पालिका कपिलवस्तु नगरपालिकामा रहेका मुख्य धार्मीक तथा पर्यटकीय स्थलहरु बारे जानकारी गराउने ।<br>-निग्लीहवा, सगरहवा र जगदिशपुरको अवलोकन भ्रमण गराई उक्त स्थानको बारेमा प्रतिवेदन लेख्न लगाउने । | -धार्मिक तथा पर्यटकीय स्थल भनेको के हो ?<br>-छिमेकी पालिका क. व.न.पा. मा मा रहेका मुख्य पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस् ।<br>-तपाईंले भ्रमण गरेका कुनै एक पर्यटकीय स्थलको प्रतिवेदन तयार पारी शिक्षकलाई देखाउनुहोस् । | १२ |
| ४ | स्वास्थ्य, शिक्षा र सामाजिक ब्यवहार | -शुद्धोधन गा. पा. भित्र रहेका शिक्षण संस्थाहरुको सूची तयार गर्न ।<br>- बाल विवाहका असरहरुको सूचि तयार गर्न ।<br>-सामाजिक कुरीतिहरु हटाउन बाल क्लबको भूमिका बताउन ।<br>-सामान्य ट्राफिक नियमबारे बताउन ।<br>-किशोर अवस्थामा आउने परिवर्तन बारे बताउन । | -शुद्धोधन गा. पा. भित्र रहेका शिक्षण संस्थाहरु ।<br>- बाल विवाहका असरहरु ।<br>-सामाजिक कुरीतिहरु हटाउन बाल क्लबको भूमिका ।<br>-ट्राफिक नियम ।<br>-किशोर अबस्थामा आउने परिवर्तन । | -शिक्षकबाट शुद्धोधन गाउँपालिकाभित्र रहेका शैक्षिक संस्थाहरुके विवरण बताई दिने ।<br>-शिक्षकबाट सामाजिक कुरीतिको परिचय दिदैं समाजमा हुने विभिन्न सामाजिक कुरीतिहरु बारे बताई दिने ।<br>-बाल विवाहको असर बारे कक्षामा छलफल गराउने ।<br>-सामाजिक कूरीति हटाउन बाल क्लबको भूमिका बारे स्पष्ट पारिदिने ।<br>-सामान्य ट्राफिक नियमहरुको बारेमा चिन्हहरु देखाई शिक्षकहरुबाट सहजीकरण गर्ने ।<br>-किशोरावस्थामा आउने परिवर्ततन बारे समूहमा छलफल गराउने । | -तपाईंको पालिकाभित्र रहेका दस वटा विद्यालयको नाम लेख्नुहोस् ?<br>-सामाजिक कुरीति भनेको के हो ?<br>-बाल विवाहका कुनै चार असरहरु के-के हुन् लेख्नुहोस् ।<br>-सामाजिक कुरीति हटाउन बाल क्लबका कुनै तीन भूमिका लेख्नुहोस् ?<br>-देखाइएको चित्रमा ट्राफिक नियमहरु बताउनुहोस् ?<br>-किशोरावस्थामा आउने कुनै चार परिवर्तन लेख्नुहोस् ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो धर्म, संस्कृति, मूल्य, मान्यता र संस्कार | - पालिका भित्रका धार्मिक स्थलहरु मन्दिर, मस्जिद र गुम्बाको परिचय दिन।<br>- स्थानीय बाजाहरु झ्याम्फ, सहनाईबारे बताउन।<br>- रोपाइँ गीतलाई लय मिलाएर गाउन। | - पालिकाभित्रका धार्मिक स्थलहरु ।<br>- स्थानीय बाजाहरु।<br>- रोपाइँ गीत। | -शिक्षकबाट पालिका भित्र रहेका मुख्य मन्दिर, मस्जिद र गुम्बाको परिचय दिनुहोस्।<br>-पालिकाभित्र रहेका मुख्य मन्दिर, मस्जिद र गुम्बाको विद्यर्थीलाई नाम भन्न लगाउने।<br>-स्थानीय बाजाहरुको सूची तयार गर्न लगाउने।<br>-रोपाइँ गीतलाई लय मिलाएर गाउन लगाउनुहोस्। | -तपाईँका पालिकामा रहेका मुख्य धार्मीक स्थलहरुको नाम लेख्नुहोस्।<br>-पालिका भित्र प्रयोग गरिएका स्थानीय बाजाहरुको सूची तयार गर्नुहोस्।<br>-रोपाइँ गीत लय मिलाएर गाउनुहोस्। | १५ |
| ६ | वातावरण, सरसफाइ र विपत् ब्यवस्थापन | -स्वच्छ वाताबरण र हरित विद्यालयका विशेषताहरुको सूची तयार गर्न।<br>- विपत्का कारणहरु बताउँदै भूकम्पको बारेमा परिचय दिन।<br>- स्थानीय जडिबुटी गोमा, तुलसी र गुर्जोको परिचय दिन।<br>- वातावरण संरक्षणमा इको क्लबको भूमिका बताउन।<br>- खानेपानीका स्रोतहरुको पहिचान गर्न। | -स्वच्छ वातावरण र हरित विद्यालय।<br>- विपतका कारणहरु र भूकम्पको परिचय।<br>- स्थानीय जडिबुटीहरु।<br>- वातावरण संरक्षणमा इको क्लबको भूमिका ।<br>- खानेपानीका स्रोतहरु। | -शिक्षकद्वारा वातावरणको परिचय दिदैँ स्वच्छ वातावरण र हरित विद्यालयका विशेषताहरु बताई दिने।<br>-विद्यालयलाई हरित विद्यालय कसरी बनाउन सकिन्छ विद्यार्थीहरुबिच छलफल गराइ शिक्षकद्वारा स्पष्ट पारिदिने।<br>-विपतको अर्थ र विपत्का प्रकारहरुबारे शिक्षकहरुद्वारा स्पष्ट पारिदिने।<br>-भूकम्पको परिचय दिदैँ यसका असरबारे छलफल गराउने।<br>-स्थानीय जडिबुटीको सूची तयार गर्न लगाई गोमा, तुलसी र गुर्जोको महत्त्व बताई दिने।<br>-वातावरण संरक्षणको परिचय दिदैँ यसको संरक्षणमा इको क्लबको भूमिकाबारे बताउने<br>-पालिका भित्र रहेका खानेपानीका श्रोतहरुको सूची तयार गराउने। | -वातावरण भनेको के हो ?<br>-हरित विद्यालयका कुनै पाँच वटा विशेषता लेख्नुहोस् ?<br>-विपत् भनेको के हो भूकम्पका असरहरु बताउनुहोस्।<br>-स्थानीय जडिबुटीको सूची तयार गरी गुर्जोको महत्त्व लेख्नुहोस्।<br>-वातावरण संरक्षणमा इको क्लबको भूमिका लेख्नुहोस् ?<br>-खानेपानीका स्रोतहरुको सूची तयार गर्नुहोस् ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | जीवनमार्ग, स्थानीय खेल र योग | -जीवन उपयोगी सिपहरु आत्म अनुशासन, प्रभावकारी सञ्चार र संवेग ब्यवस्थापनबारे बताउन<br>- असल संस्कारहरुको सूचि तयार गर्न ।<br>- लाठी खेलको अभ्यास गर्न ।<br>-बज्रासनको अभ्यास गर्न । | - जीवन उपयोगी सिपहरु<br>- असल संस्कारहरु<br>- लाठी खेलको अभ्यास<br>-बज्रासनको अभ्यास | -जीवन उपयोगी सिप भनेको के हो ? यो शिक्षकद्वारा स्पष्ट पारिदिने र जीवन उपयोगी सिपका प्रकारहरु आत्म अनुशासन, प्रभावकारी संचार र संवेग व्यवस्थापन बारेमा छलफल सहित अभ्यास गराउने ।<br>-असल संस्कारको परिचय दिई असल संस्कारका तरिकाहरु बताई दिने र सोबारे अभ्यास गराउने ।<br>-लाठी खेल खेल्ने तरिका बताई खेल मैदानमा लगि खेल खेलाउने ।<br>-बज्रासनको अभ्यास गराउने । | -जीवन उपयोगी सिप भनेको के हो ?<br>-प्रभावकारी संचार कसरी गर्न सकिन्छ ?<br>-असल संस्कारमा के-के पर्दछन् ?<br>-लाठी खेल खेलेर देखाउनुहोस् ।<br>-५ मिनेटसम्म बज्रासन आसनमा बस्नुहोस् । | ९ |
| ८ | हामी र हाम्रो अधिकार | -बाल सहभागिताका स्थानहरु बताउन ।<br>- बाल अधिकारमा स्थानीय तहको भूमिका भन्न । | -बाल सहभागिता<br>- बाल अधिकारमा स्थानीय तहको भूमिका । | -बाल अधिकार भनेको के हो ? बालबालिकाहरुलाई आफ्नो अधिकार प्राप्तिको लागि कुन-कुन स्थानमा बाल सहभागिता गराउन सकिन्छ शिक्षकद्वारा स्पष्ट पारिदिने ।<br>-बाल अधिकार प्राप्तीका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरुका बारेमा छलफल गराउने र स्पष्ट पारिदिने । | -बाल बालिकाहरुको सहभागिता हुन सक्ने स्थान तथा क्षेत्रहरुको सूची तयार गर्नुहोस् ?<br>-बाल अधिकार प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कुनै पाँच वटा कार्यहरु लेख्नुहोस् ? | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | प्रयोगात्मक कार्य | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन<br>– भूकम्प आगलागी र सडक दुर्घटनाजस्ता विपतमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास गर्न सक्ने छन्। | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन।<br>– भूकम्प, आगलागी र सडक दुर्घटनामा गरिने आकस्मिक उद्धार कार्यको लागि कृत्रिम घटना अभ्यास। | -विद्यालयमा तोकिएका ध्यान तथा योगका अभ्यासहरु गराउने आफ्नो पालिका र छिमेकी पालिकामा रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको भ्रमण गराउने।<br>-विभिन्न प्रकारका विपत्मा गरिने उद्धार कार्यका लागि कृतिम घटना अभ्यास (Simulation) गर्ने। | -भ्रमण गरिएका स्थानहरुको लघु प्रतिवेदन तयार गर्ने।<br>- आगोलागी, भूकम्प, सडक दुर्घटनाको सिमुलेसन गर्नुहोस्।<br>-कक्षामा सिकाइमा योग तथा ध्यानका अभ्यासहरु गर्नुहोस्। | १५ |

**विस्तृतीकरण तालिका :**
**कक्षा ७**

| क्रसं | क्षेत्र र क्रम | विशिष्ट उद्धेश्य | विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुद्धोधन | - आफ्नो गाउँपालिकाको परिचय दिन।<br>-गाउँपालिकाको नक्सा बनाई महत्त्वपूर्ण स्थलहरु देखाउन। | -गाउँपालिकाको परिचय ।<br>-गाउँपालिकाको नक्सा। | -विद्यार्थीहरुलाई आफ्नो पालिकाको परिचय भन्न लगाइ शिक्षकद्वारा पालिकाको ऐतिहासिक पृष्ठभूमि बताइ दिने।<br>-शिक्षकद्वारा पालिकाको नक्सा प्रदर्शन गरी विद्यार्थीहरुलाई पालिकाका महत्त्वपूर्ण स्थलहरु बताइ दिने र चिन्ह लगाउने। | -तपाईंको पालिकाको ऐतिहासकि पृष्ठभूमि लेखेर ल्याउनुहोस्।<br>-पालिकाको नक्सा बनाई महत्त्वपूर्ण स्थलहरु देखाउनुहोस् | १२ |
| २ | स्थानीय पेसा व्यवसाय प्रबिधि र आर्थिक क्रियाकलाप | -पालिका भित्र हुने परम्पागत र आधुनिक पेसाहरुको सूची तयार गर्न।<br>- पालिकाभित्रका पर्यटकीय स्थल र उद्योगहरुको पहिचान गरी सामान्य परिचय दिन। | -परम्परागत र आधुनिक पेसाहरु।<br>- पालिकाभित्रका पर्यटकीय स्थल र उद्योगहरु। | -परम्परागत र आधुनिक पेसा भनेको के हो? शिक्षकद्वारा प्रष्ट पारिदिने र पालैपालो विद्यार्थीहरुलाई फरक बताउन लगाउँदै शिक्षकद्वारा प्रष्ट पारिदिने ।<br>-शिक्षकद्वारा पालिकाभित्रका पर्यटकीय स्थलहरुको बारेमा छलफलद्वारा प्रष्ट पारिदिने।<br>-पालिका भित्रका उद्योगहरुको सामान्य परिचय शिक्षकद्वारा प्रदान गर्ने र विद्यार्थीहरुलाई उद्योगहरुको सूची तयार गर्न लगाउने। | -परम्परागत र आधुनिक पेसाबिच कुनै दुई फरक भन्नुहोस् ?<br>-पालिका भित्रका कुनै दुई पर्यटकीय स्थलको बारेमा लेखेर ल्याउनुहोस् ?<br>-पालिकाभित्र सञ्चालित उद्योगहरुको सूची तयार गर्नुहोस्। | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रो शुद्धोधन र छिमेकी पालिकाका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरु | -कपिलवस्तु जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु गोटिहवा रामघाट, तौलेश्वरनाथ मन्दिरको बर्णन गर्न । | -कपिलवस्तु जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु । | -कपिलवस्तु जिल्लाका महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरु गोटिहवा, रामघाट, तौलेश्वरनाथ मन्दिरको बारेमा शिक्षकहरुद्वारा सविस्तार व्याख्या गरिदिने र भ्रमण गराउने साथै विद्यार्थीहरुलाई अवलोकन गर्दा आफूले देखेका महत्त्वपूर्ण स्थलहरुलाई टिपोट गर्न लगाउने । | - गोटिहवा, रामघाट र तौलेश्वरनाथ मन्दिरको अवलोकन भ्रमण गरी सूचनाका आधारमा प्रतिवेदन तयार गर्नुहोस् । | १२ |
| ४ | स्वास्थ्य, शिक्षा र सामाजिक ब्यवहार | -आफ्नो पालिकामा रहेका शिक्षण संस्थाहरुको परिचय दिन ।<br>-सामाजिक कुरीतिहरु बाल श्रम, दाइजोप्रथाका असरहरु बताउन र हटाउनका लागि सामाजिक संघ सस्थाको भूमिकाको सूची तयार गर्न ।<br>-ट्राफिकका संकेतहरुको अर्थ बताउन ।<br>-महिनावारी र यस बेलाको सरसफाइ बारे बताउन । | - पालिकामा रहेका शिक्षण संस्थाहरुको परिचय ।<br>-सामाजिक कुरीतिहरु र हटाउनका लागि सामाजिक संघसस्थाको भूमिका ।<br>-ट्राफिकका संकेतहरुको अर्थ ।<br>-महिनावारी र सरसफाइ । | -विद्यार्थीहरुलाई आफूले देखेका पालिकाका विद्यालयहरुको नाम भन्न लगाई अघिल्लो कक्षामा पढेका विद्यालयको नामलाई स्मरण गर्न लगाउने र शिक्षकद्वारा थप प्रष्ट पारिदिने ।<br>-शिक्षकद्वारा विद्यार्थीहरुसँगको अन्तक्रियाबाट समाजका विद्यमान कुरीति ,बालश्रम, दाइजो प्रथा हटाउन सामाजिक संघ संस्थहरुको भूमिकाको सूची तयार पारी छलफल गर्ने ।<br>-शिक्षकद्वारा ट्राफिक संकेत भएको पोस्टरको माध्यमबाट सबै संकेतहरु बारे प्रष्ट पारिदिने ।<br>-महिनावारी बारे शिक्षकहरुद्वारा बताउँदै त्यस समयमा अपनाउनु पर्ने सरसफाइका तरिका बारेमा छलफल गरी प्रष्ट पारिदिने । | -पालिका भित्रका कुनै चार वटा विद्यालयको नाम बताउनुहोस् ।<br>-समाजमा विद्यमान रहेका कुरीति बालश्रम, दाइजो प्रथा हटाउन सामाजिक संघ संस्थाहरुको भूमिकाको सूची तयार पारेर ल्याउनुहोस् ।<br>- ट्राफिक चिन्हको पोष्टरबाट ट्राफिक नियमहरु बताउनुहोस् ।<br>-महिनावारी भनेको के हो ? यस समयमा अपनाउनु पर्ने सरसफाइका उपायहरु लेखेर ल्याउनुहोस् । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो धर्म, संस्कृति, मूल्य, मान्यता र संस्कार | -समुदायभित्रका धार्मिक आस्था शिव, पैगम्बर मोहम्मद र बुद्धको बारेमा बताउन ।<br>- पालिका भित्रका धार्मिक पर्वहरु दशैं, तिहार ईद बौद्ध पूर्णिमाको बारेमा बताउन ।<br>-स्थानीय बाजाहरु मादल, बधाव, सारङ्गिको बारेमा बताउन ।<br>-कजरी गीत, फागू गीत लय मिलाएर गाउन । | -समुदायभित्रका धार्मिक आस्था ।<br>- पालिकाभित्रका धार्मिक पर्वहरु ।<br>-स्थानीय बाजाहरु ।<br>-कजरी गीत, फागू गीत । | -धार्मीक आस्था शिव, पैगम्बर महम्मद र बुद्धको बारेमा शिक्षकद्वारा बताउँदै छलफल गर्ने ।<br>-पालिका भित्र मनाउने धार्मीक पर्वहरुको बारेमा शिक्षकद्वारा बताई दिने ।<br>-स्थानीय बाजाहरु के-के हुन भनी विद्यार्थीहरुलाई सोधेर मादल, बधवा, सारङ्गीको बारेमा शिक्षकद्वारा प्रष्ट पार्ने ।<br>-कजरी, फागू गीतहरु रचना गर्न लगाई बाचन गर्न लगाउने । | -कुनै दुई धार्मिक आस्थाका नाम बताउनुहोस् ।<br>-मुख्य-मुख्य पर्वहरुको बारेमा अभिभावक तथा समाजका अगुवाहरुसँग सोधेर ती पर्वहरुको बारेमा लेखेर ल्याउनुहोस् ।<br>-स्थानीय बाजाहरुको सूची तयार गर्नुहोस् ।<br>-कजरी तथा फागू गीतहरु रचना गरी कक्षाकोठामा एकै स्वरमा बाचन गर्ने । | १५ |
| ६ | वातावरण, सरसफाइ र विपत् ब्यवस्थापन | - स्वच्छ वाताबरण निर्माणमा बृक्षारोपणको महत्त्व बताउन ।<br>- स्थानीय जडिबुटी निम, चिचिहिडाको परिचय दिन ।<br>-बालमैत्री विद्यालयको आवश्यकता र बिशेषता बताउन ।<br>- विपत् ब्यवस्थापनमा वडाको भूमिकाको सूची तयार गर्न ।<br>- हाम्रो वडा र विपत<br>- वातावरण संरक्षणमा संघ संस्थाको भूमिका बताउन ।<br>- स्वच्छ खानेपानी र खानेपानीका स्रोतहरुको संरक्षण गर्ने तरिका बताउन । | -बृक्षारोपणको महत्त्व ।<br>- स्थानीय जडिबुटी ।<br>-बालमैत्रीविद्यालयको आबश्यकता र विशेषता ।<br>- विपत् ब्यवस्थापनमा वडाको भूमिका ।<br>- विपत्<br>- वातावरण संरक्षणमा संघ संस्थाको भूमिका ।<br>- स्वच्छ खानेपानी र खानेपानीका स्रोतहरु । | -शिक्षकद्वारा वृक्षारोपणको महत्त्व बारे प्रकाश पार्दै विद्यार्थीहरुलाई छलफल गराउने ।<br>-शिक्षकहरुद्वारा स्थानीय जडिबुटी जस्तै निम, चिचिहिडाको परिचय बताई दिने ।<br>-शिक्षकहरुद्वारा बालमैत्री विद्यालय, बालमैत्री विद्यालयको आवश्यकता र विशेषताका बारेमा क्रमश छलफल गर्दै प्रष्ट पारिदिने र विद्यार्थीहरुलाई बालमैत्री विद्यालयको आवश्यकता र विशेषताबारे सूची तयार पार्न लगाउने ।<br>-आफ्नो वडामा घटेका विपत्का घटनाहरु के-के छन् भनी प्रश्न गरी छलफद्वारा थप प्रष्ट पारिदिने ।<br>-वातावरण संरक्षणमा संघ संस्थाको भूमिका बारे शिक्षकद्वारा छलफल गराई प्रष्ट पारिदिने ।<br>-खानेपानीका स्रोतहरु संरक्षणका तरिकाबारे पालैपालो विद्यार्थीहरुलाई सोधेर पाटीमा टिप्दै छलफल मार्फत शिक्षकले प्रष्ट पारिदिने । | -वृक्षरोपणका कुनै चार वटा महत्त्व बताउनुहोस् ।<br>-कुनै दुई वटा जडिबुटीको नाम भन्नुहोस् ।<br>-बालमैत्री विद्यालय भनेको के हो ? यसको आवश्यकता र विशेषताहरु लेखेर ल्याउनुहोस् ।<br>-वातावरण संरक्षणमा विभिन्न संघ संस्थाको भूमिका के हुन्छ ? लेख्नुहोस् ।<br>-खानेपानी संरक्षण गर्ने कुनै दुई तरिका बताउनुहोस् । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | जीवनमार्ग, स्थानीय खेल र योग | -इमान्दारिताका गुणहरु भन्न ।<br>-समय ब्यवस्थापन र तनाव ब्यवस्थापनबारे बताउन ।<br>- भरुवा खेल खेल्न ।<br>- योग र ध्यानको महत्त्व बताउन र उत्तानमपाद आसनको अभ्यास गर्न । | -इमान्दारिता ।<br>-समय ब्यवस्थापन, तनाव ब्यवस्थापन ।<br>- भरुवा खेल ।<br>- योग र ध्यानको महत्त्व र उत्तानमपाद आसनको अभ्यास । | -शिक्षकहरुद्वारा इमान्दारिताको बारेमा बताउँदै इमान्दारिताको गुणहरुबारे छलफल गराउने ।<br>-जीवनउपयोगी सिपहरुमध्ये समय र तनाव व्यवस्थापन गर्ने सिप बारेमा शिक्षकद्वारा प्रष्ट पारिदिने र खेलको माध्यमबाट थप जानकारी प्रदान गर्ने ।<br>-भरुवा खेलका नियमहरु शिक्षकले बताउने र खेल मैदानमा लगि विद्यार्थीहरुलाई खेलाउने ।<br>-शिक्षकले योग र ध्यानको परिचय र महत्त्व बताउँदै उत्तानमपाद आसनको अभ्यास गर्न लगाउने । | -इमान्दारिताका कुनै तीन वटा गुणहरु बताउनुहोस् ।<br>-समय र तनावलाई कसरी व्यवस्थापन गर्न सकिन्छ लेखेर ल्याउनुहोस् ।<br>-भरुवा खेल खेलेर देखाउनुहोस् ।<br>-उत्तानमपाद आसन गरेर देखाउनुहोस् ।<br>-योग र ध्यानका कुनै तिन वटा महत्त्व लेख्नुहोस् । | ९ |
| ८ | हामी र हाम्रो अधिकार | -बालमैत्री स्थानीय शासनको परिचय दिई यसका क्षेत्रहरुको सूची तयार गर्न ।<br>- युवा तथा अपाङ्गता भएका व्यक्तिहरुका अधिकारबारे बताउन। | -बाल मैत्री स्थानीय साशनको परिचय ।<br>- युवा तथा अपाङ्गता भएका व्यक्तिहरुका अधिकार । | -बालमैत्री स्थानीय शासन भनेको के हो र यसका सूचकहरुको बारे मा शिक्षकहरुद्वारा छलफल गराउँदै प्रष्ट पार्ने ।<br>-शिक्षकद्वारा युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारबारे छलफल गराउँदै बताई दिने । | -बालमैत्री स्थानीय शासन भनेको के हो यसका सूचकहरुको सूची तयार पारेर ल्याउनुहोस् ।<br>- युवा तथा अपाङ्गता भएका व्यक्तिहरुका तीन तीन वटा अधिकारहरु लेख्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | प्रयोगात्मक कार्य | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिबेदन लेखन<br>– भूकम्प आगलागी र सडक दुर्घटना जस्ता विपतमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास गर्न सक्ने छन् । | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन<br>– भूकम्प आगलागी र सडक दुर्घटना जस्ता विपतमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास । | -तोकिएका योग तथा ध्यानको अभ्यास गराउने ।<br>-आफ्नो पालिका एवं छिमेकी पालिकाहरुमा रहेका ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको विद्यार्थीहरुलाई अवलोकन भ्रमण गराउने ।<br>-भूकम्प, आगलागी र सडक दुर्घटना जस्ता विपतका बेलामा गरिने आकस्मिक उद्धार कार्यका लागि कृतिम घटना अभ्यास शिक्षकको सहयोगमा विद्यार्थीहरुलाई गर्न लगाउने । | -योग तथा ध्यानको अभ्यास गर्दै तोकिएका योग र ध्यान गरेर देखाउनुहोस् ।<br>-भ्रमण गरिएका स्थानहरुको बारेमा तोकिएको ढाँचामा प्रतिवेदन तयार पार्नुहोस् ।<br>-भूकम्प, आगलागी र सडक दुर्घटनाका बेलामा अपनाउने कृतिम घटना अभ्यास साथीहरुको समूहमा मिलेर अभ्यास प्रदर्शन गर्नुहोस् । | १५ |

**विस्तृतीकरण तालिका :**
**कक्षा ८**

| क्रसं | क्षेत्र र क्रम | विशिष्ट उद्धेश्य | विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो शुद्धोधन | -आफ्नो पालिकाको ऐतिहासिक पृष्ठभूमि र गाउँकार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्न ।<br>-गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको काम कर्तब्य र अधिकारको सूची तयार गर्न । | -पालिकाको ऐतिहासिक पृष्ठभूमि र गाउँकार्यपालिकाको गठन प्रक्रिया ।<br>-गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको काम कर्तब्य र अधिकार । | -शिक्षकद्वारा विद्यार्थीहरुलाई शुद्धोधन गा.पा.को ऐतिहासिक पृष्ठभूमिको बारेमा छलफल गराई शिक्षकद्वारा स्पष्ट पार्ने ।<br>-गाउँकार्यपालिकाको गठन प्रक्रिया शिक्षकद्वारा बताउने ।<br>-गाउँपालिकाका अध्यक्ष उपाध्यक्षको काम, कर्तव्य र अधिकारको बारेमा शिक्षकद्वारा प्रष्ट पारिदिने । | -शुद्धोधनगाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि लेख्नुहोस् ।<br>-गाउँकार्यपालिकाको गठन प्रक्रिया लेख्नुहोस् ।<br>-गाउँपालिका अध्यक्षको काम, कर्तव्य र अधिकार के-के हुन ?<br>-गाउँपालिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार के-के हुन ? | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्थानीय पेसा व्यवसाय प्रविधि र आर्थिक क्रियाकलाप | -आफ्नो पालिकाको कृषि कार्यको अवस्था बताई कालानिमक धानमा कृषि उपजको संरक्षण गर्ने तरिका बताउन।<br>- पालिकाभित्र रहेका जलसम्पदाको संरक्षण र प्रवर्धनका उपाय बताउन।<br>- पालिकाभित्र रहेका हाटबजार र उद्योगहरुको ब्यवस्थित सञ्चालनका उपायहरु बताउन। | -कालानिमक धानको महत्त्व र संरक्षण।<br>-जलसम्पदाको संरक्षण र प्रवर्धन।<br>-हाटबजार र उद्योगहरु सञ्चालनका उपायहरु। | -शिक्षकद्वारा पालिकाको कृषि कार्य अवस्थाको बारेमा जानकारी गराउने।<br>-कालानिमक धानको महत्त्व बताई त्यसको संरक्षणको उपायहरुका बारेमा शिक्षकद्वारा बताई दिने।<br>-पालिकाभित्र रहेका जल सम्पदाको. पहिचान गरी यसका संरक्षण र प्रवर्धनका उपायहरुका बारेमा छलफल गराउने र आवश्यकता अनुसार शिक्षकद्वारा स्पष्ट पारिदिने।<br>-पालिकामा रहेका हाट बजार र उद्योगहरुको व्यवस्थित संचालनको लागि उपायहरु बताई दिने। | -कालानिमक धानको संरक्षणका उपायहरुको सूची तयार गर्नुहोस्।<br>-पालिकाभित्र रहेका जल सम्पदाहरुको संरक्षणका उपायहरु लेख्नुहोस्।<br>-हाटबजार र उद्योगहरुको व्यवस्थित संचालनको लागि अपनाइने कुनै चार उपायहरु लेख्नुहोस्। | २० |
| ३ | हाम्रो शुद्धोधन र छिमेकी पालिकाका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरु | -बुद्धसँग सम्बन्धित पर्यटकीय स्थलहरु कुदान, तिलौराकोट, लुम्बिनीको वारेमा बताउन। | -बुद्धसँग सम्बन्धित पर्यटकीय स्थलहरु। | -बुद्धसँग सम्बन्धित पर्यटकिय तथा ऐतिहासकि स्थलहरुको सूची तयार गर्न लगाउने।<br>-बुद्धसँग सम्बन्धित कपिलवस्तुमा रहेका कुदान, तिलौराकोटर रुपन्देही जिल्लामा रहेको लुम्बिनीका बारेमा शिक्षकद्वारा जानकारी गराउने।<br>-कुदान, तिलौराकोट र लुम्बिनीको अवलोकन भ्रमण गराउने। | -कुनै तीन वटा बुद्धसँग सम्बन्धित ऐतिहासिक स्थानको नाम भन्नुहोस्।<br>-कुदान, तिलौराकोट र लुम्बिनीको भ्रमण गरी प्रतिवेदन तयार गर्नुहोस्। | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्वास्थ्य, शिक्षा र सामाजिक ब्यवहार | - आफ्नो पालिकामा हुने शैक्षिक गतिबिधिहरुको परिचय दिन।<br>-मानव बेचबिखन, घरेलु हिंसा, यौन दुर्ब्यवहार लागूपदार्थ दुब्यर्वसनको अर्थ बताउँदै यसबाट बच्ने उपायहरुको सूचि तयार गर्न।<br>- सवारी चलाउँदा अपनाउनु पर्ने सावधानी बताउन।<br>- इन्टरनेटको दुरुपयोगबाट हुने असरबारे बताउन र समाधानका उपायहरुको सूचि तयार गर्न।<br>-सामाजिक कुरीतिहरु हटाउन सरकारी निकायको भूमिकाबारे बताउन।<br>-साथीहरुको बिचमा हुने मित्रता ,माया र रोमाञ्चित सम्बन्धमा ख्याल गर्नुपर्ने कुराहरु बताउन। | - पालिकामा हुने शैक्षिक गतिबिधिहरुको परिचय।<br>-मानव बेचबिखन, घरेलु हिंसा, यौन दुर्ब्यवहार लागूपदार्थ दुर्ब्यवसनको अर्थ र यसबाट बच्ने उपायहरु।<br>- सवारी चलाउँदा अपनाउनु पर्ने सावधानी।<br>- इन्टरनेटको दुरुपयोगबाट हुने असर र समाधानका उपायहरु।<br>-सामाजिक कुरीतिहरु हटाउन सरकारी निकायको भूमिका ।<br>-साथीहरुको बीचमा हुने मित्रता ,माया र रोमाञ्चित सम्बन्धमा ख्याल गर्नुपर्ने कुराहरु। | -आफ्नो पालिकामा शिक्षाको विकासका लागि संचालन गरिने शैक्षिक कार्यक्रमहरुको विवरण विद्यार्थीहरुबाट तयार गर्न लगाई शिक्षकबाट आवश्यक सहजीकरण गर्ने।<br>-सामाजिक विकृतीहरुको सूची तयार गर्न लगाई लागूपदार्थ दुर्व्यवसनीका असर र सोबाट बच्ने उपायहरुको बारेमा शिक्षकहरुबाट जानकारी गराउने।<br>-सवारी चलाउँदा पालना गर्नुपर्ने ट्राफिक नियमहरुको बारेमा छलफल गर्ने।<br>-इन्टरनेटको सही प्रयोगको उपायहरु बताउँदै सामाजिक संजालको दुरुपयोगबाट बच्ने उपायहरुबारे छलफल गराउने।<br>-सामाजिक कुरीतिहरुको परिचय शिक्षकहरुद्धारा दिने र यस्ता कुरीति हटाउनको लागि सरकारी, ग.स.स. र निजी क्षेत्रको भूमिका बारेमा छलफल गर्ने।<br>-किशोरावस्थामा हुने संवेगात्मक परिवर्तनका बारेमा छलफल गराई माया, मित्रता र रोमान्चक सम्बन्धका बारेमा छलफल गर्ने र यस्तो अवस्थामा गर्नुपर्ने व्यवस्थापनको बारेमा स्पष्ट पार्ने। | -शैक्षिक कार्य्रक्रमहरु भित्र के- के पर्दछन् कुनै चार वटा कार्यक्रमहरुको नाम लेख्नुहोस्।<br>-समाजमा हुने विकृतीको सूची तयार पार्नुहोस्।<br>-लागूपदार्थ दुर्व्यवसनीबाट बच्ने उपाय के-के छन्।<br>-इन्टरनेटको सही प्रयोग कसरी गर्न सकिन्छ ?<br>-सवारी चलाउँदा पालना गनुपर्ने नियम के-के हुन् ?<br>-साथीहरुको बिचमा हुने माया र रोमान्चक सम्बन्ध गर्दा ध्यान दिनुपर्ने कुराहरु के-के हुन् ? | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हाम्रो धर्म, संस्कृति, मूल्य, मान्यता र संस्कार | -धार्मिक सहिष्णुता वारे बताउन।<br>- धार्मिक पर्बहरु, छड, मोहरम र माघी पर्वको परिचय दिन ।<br>-स्थानीय बाजाहरु बेन ,करतारको परिचय दिन ।<br>-स्थानीय लोक गीतहरु सोहर, गारी , साउने गीत, जन्ति पठाउदा गाउने गीत भाका मिलाएर गाउन। | -धार्मिक सहिष्णुता ।<br>- धार्मिक पर्बहरु ।<br>-स्थानीय बाजाहरु ।<br>-स्थानीय लोक गीतहरु | -धार्मिक सहिष्णुता भनेको के हो भन्ने सम्बन्धमा शिक्षकद्धारा उदाहरण सहित स्पष्ट पारिदिने।<br>-पालिका भित्र मनाइने विभिन्न धार्मिक पर्वहरुको बारेमा विद्यार्थीहरुमा छलफल गराउने।<br>-धार्मिक पर्वहरु छट, महोर्रम र माघी पर्वको महत्त्वको बारेमा शिक्षकद्धारा बताउने।<br>-स्थानीय बाजाहरुको विद्यार्थीहरुबाट सूची तयार गर्न लगाई वेन र करतार बाजाको शिक्षकद्वारा परिचय दिने र उक्त बाजा बजाउन अभ्यास गर्न पहल गर्ने।<br>स्थानीय लोक गीतहरु गाउने भाकाको अभ्यास गराउने। | -धार्मीक सहिष्णुता भनेको के हो?<br>-छठ र महोर्रम पर्व कसरी मनाइन्छ।<br>-स्थानीय स्तरमा बजाईने बाजाहरुको सूची तयार गर्नुहोस्।<br>-सोहर, साउने गीत र जन्ति गीत भाका मिलाएर गाउनुहोस्। | १५ |
| ६ | वातावरण, सरसफाइ र विपत् ब्यवस्थापन | - वातावरण संरक्षणमा घ्यिालयको भूमिका बताउन।<br>- स्थानीय जडिबुटी भंग्रिया, मिसवा र अरोसाको परिचय दिन।<br>-बालमैत्री बिद्यालयका सूचकहरु बताउन। | - वातावरण संरक्षणमा घ्यिालयको भूमिका ।<br>- स्थानीय जडिबुटी भंग्रिया मिसवा अरोसाको परिचय ।<br>-बालमैत्री बिद्यालयका सूचकहरु। | -शिक्षकद्धारा वातावरण संरक्षणमा विद्यालयको भूमिका स्पष्ट पारिदिने।<br>-स्थानीय जडिबुटीको सूची तयार गर्न लगाई भंग्रिया, मिसवा र अरोसाको बारेमा शिक्षकद्धारा बताउने।<br>-बालमैत्री विद्यालयको परिचय दिँदै यसका सूचकहरुको बारेमा छलफल गराई शिक्षकद्धारा स्पष्ट पारिदिने। | -वातावरण संरक्षणमा विद्यालयका भूमिकाहरु के के हुन् ?<br>-स्थानीय जडिबुटी भंग्रिया र मिसवाको महत्त्व लेख्नुहोस्।<br>-बालमैत्री विद्यालय भनेको के हो ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - पालिका भित्रका जैविक विविधताको बारेमा भन्न।<br>- विपत् ब्यवस्थापनमा स्थानीय तहको कार्यहरुको सूचि तयार गर्न।<br>- विपत् जोखिम न्युनीकरणका उपायहरु बताउन।<br>-खानेपानी स्वच्छ बनाउने तरिका बताउन। | -जैविक बिबिधताको परिचय।<br>- विपत ब्यबस्थापनमा स्थानीय तहको भूमिका।<br>- विपत जोखिम न्युनीकरणका उपायहरु ।<br>-खानेपानी स्वच्छ बनाउने तरिका । | -जैविक विविधताको परिचय दिँदै आफ्नो पालिकाभित्र रहेका जैविक विविधताको महत्त्वबारे बताउन लगाउने।<br>-विपत् व्यवस्थापनमा स्थानीय तहका कार्यहरुको सूची बनाउन लगाउने।<br>-विपद् जोखिम न्यूनीकरणका उपायहरुबारे छलफल गराउने।<br>-खानेपानी शुद्धिकरणको तरिकाहरु बारेमा छलफल गराइ स्पष्ट पार्ने। | -जैविक विविधताको के महत्त्व छ लेख्नुहोस् ?<br>-विपत् व्यवस्थापनमा स्थानीय तहका कार्यहरु के-के हुन् ?<br>-खानेपानी शुद्धिकरणका उपायहरु के-के हुन् लेख्नुहोस्। | |
| ७ | जीवनमार्ग, स्थानीय खेल र योग | -आफ्नो जीवनको लक्ष्य र आत्मअनुभूतिबारे बताउन ।<br>-जीवनोपयोगी सिपहरुको महत्त्व भन्न।<br>- कुस्ती खेलको अभ्यास गर्न।<br>- योग र ध्यानको फाइदा बताउँदै आनापाना ध्यानको अभ्यास गर्न। | -जीवनको लक्ष्य र आत्मअनुभूति।<br>-जीवनोपयोगी सिपहरु।<br>- कुस्ती खेलको अभ्यास ।<br>- योग र ध्यानको फाइदा र आनापाना ध्यानको अभ्यास । | -विद्यार्थीहरुलाई आफ्नो जीवनको लक्ष्य बताउन लगाउने।<br>-जीवनोपयोगी सिप अन्तर्गत आत्मअनुभूति सिपको बारेका शिक्षकद्धारा स्पष्ट पारिदिने।<br>-जीवनोपयोगी सिपको महत्त्व सम्बन्धमा विद्यार्थीहरुबीच छलफल गराई शिक्षकद्धारा स्पष्ट पारिदिने।<br>-कुस्ती खेलको नियम बताई कुस्ती खेलको अभ्यास गराउने।<br>-शिक्षकद्धारा योग र ध्यानको फाइदा बताउँदै आनापाना ध्यानको अभ्यास गराउने। | -आत्मअनुभूति सिप भनेको के हो ?<br>-जीवनोपयोगी सिपको महत्त्व लेख्नुहोस्।<br>-कुस्ती खेल खेलेर देखाउनुहोस्।<br>-आनापाना ध्यानको अभ्यास गरेर देखाउनुहोस्। | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | हामी र हाम्रो अधिकार | - बालअधिकारका क्षेत्रहरुमा पालिकाले सञ्चालन गरेका कार्यहरु बताउन ।<br>-बालमैत्री स्थानीय शासनका मुख्य सूचकहरुको सूची तयार गर्न ।<br>- महिला अधिकार तथा ज्येष्ठ नागरिकका अधिकारहरुबारे बताउन । | - बालअधिकारका क्षेत्रहरुमा पालिकाले सञ्चालन गरेका कार्यहरु ।<br>-बालमैत्री स्थानीय शासनका मुख्य सूचकहरु ।<br>- महिला तथाा ज्येष्ठ नागरिकका अधिकारहरु । | -बाल अधिकारको परिचय दिँदै पालिकाले बाल अधिकारको क्षेत्रमा गरेका कार्यहरु आपसमा छलफल गरी शिक्षकद्वारा यस सम्बन्धमा भएका कार्यहरुको जानकारी गराउने ।<br>-बालमैत्री स्थानीय शासन भनेको के हो ?शिक्षकद्वारा स्पष्ट पार्दै बालमैत्री स्थानीय शासनका सूचकहरुको सूची तयार पार्न विद्यार्थीलाई सहयोग गर्ने ।<br>-शिक्षकद्वारा महिला र ज्येष्ठ नागरिकका अधिकाका बारेमा विद्यार्थीलाई बताउने । | -बालमैत्री स्थानीय शासन भनेको के हो ?<br>-बालमैत्री स्थानीय शासनका सूचकहरु के-के हुन् ?<br>-महिला अधिकारभित्र के-के पर्दछन् लेख्नुहोस ।<br>-ज्येष्ठ नागरिकको अधिकारभित्र के-के पर्दछन? लेख्नुहोस् । | १० |
| ९ | प्रयोगात्मक कार्य | –योग तथा ध्यानको अभ्यास<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हरुको हरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन<br>– भूकम्प आगलागी र सडक दुर्घटना जस्ता विपतमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास गर्न सक्ने छन् । | –योग तथा ध्यानको अभ्यास,<br>–ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन भ्रमण र त्यसको प्रतिवेदन लेखन<br>– भूकम्प आगलागी र सडक दुर्घटना जस्ता विपदमा गरिने आकस्मिक उद्धार कार्यको कृत्रिम घटना अभ्यास । | -शिक्षकद्वारा विद्यार्थीलाई योग तथा ध्यानको अभ्यास गराउने ।<br>-शुद्धोधन गाउँपालिका र छिमेकी पालिका भित्रका मुख्य-मुख्य धार्मीक, ऐतिहासकि र पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण गराउने ।<br>-विभिन्न प्रकारका विपत्मा गरिने उद्धार कार्यका लागि कृतिम घटना अभ्यास (Simulation) गर्ने । | -अवलोकन भ्रमण गरीसके पछि प्रतिवेदन तयार गर्नुहोस् ।<br>-आगोलागी, भूकम्प, सडक दुर्घटनाको सिमुलेसन अभ्यास गरेर देखाउनुहोस् ।<br>-कक्षामा योग तथा ध्यानका अभ्यासहरु गरेर देखाउनुहोस् । | १५ |

## ९. पठनपाठनको माध्यम

विद्यालयमा शिक्षणको माध्यम भाषा विषयमा बाहेक नेपाली वा अंग्रेजी वा दुवै भाषामा हुन सक्ने कुरा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले व्यवस्था गरेको छ । सो अनुसार स्थानीय विषय हाम्रो शुद्धोधनको पठनपाठन नेपाली, अंग्रेजी वा दुवै भाषामा हुन सक्नेछ।

## १०. पठनपाठनको समय

एक शैक्षिक सत्रमा कम्तिमा २२० दिन विद्यालय खुल्ने र १९२ दिन पठनपाठन सञ्चालन हुनेछ। यस हिसाबले स्थानीय विषय हाम्रो शुद्धोधनको कक्षा १–३ मा कुल पाठ्यभार १६० र कक्षा ४–८ मा कुल पाठ्यभार १२८ हुनेछ। यसको कक्षा सञ्चालन पाठ्यभारमा उल्लिखित समयअनुसार हुनेछ।

## ११. सिकाइ सहजीकरण कार्यकलाप/विधि

आधारभूत तहमा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलापमा विशेष जोड दिई सिकाइलाई अगाडि बढाइनेछ। विद्यार्थीलाई बढीभन्दा बढी क्रियाशील बनाइ शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। प्रश्नोत्तर, छलफल, अवलोकन, खेल विधि, क्षेत्र भ्रमण अवलोकन विधि, परियोजना कार्य लगायतका शिक्षण विधिको प्रयोगबाट शिक्षण सिकाइ क्रियाकलापले शिक्षामा व्यवहारिकपन तथा जीवनोपयोगी सिप आर्जन गर्न मद्दत पुग्नुका साथै बालबालिकाको प्रतिभा प्रष्फुटनमा सहयोग पुग्नेछ। शिक्षण सिकाइलाई दिगो र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको प्रयोग निरन्तर भइरहनुपर्ने कुरामा शिक्षक सजग हुनुपर्नेछ।

## १२. विद्यार्थी मूल्यांकन

विद्यार्थीको सिकाइको बारेमा लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्यांकन हो । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूरा भयो भएन भन्ने जानकारी मूल्यांकन मार्फत गर्नुपर्दछ। विद्यार्थीको मूल्यांकन गर्दा निर्माणात्मक र निर्णयात्मक दुवै तरिकाले गर्नुपर्नेछ।